
CSE
Civil Society Empowerment for Accountable Education

# जवाफदेही शिक्षा सेवाका लागि जनवकालत

## अभ्यासकर्ताहरूका लागि सन्दर्भ सामग्री
## शिक्षा नीति तथा अभ्यास केन्द्र तथा कारखाना



Karkhana Samuha

# लेखकहरू

टीका भट्टराई
अनुप सुवेदी
विजया सुब्बा
सरस्वती पौडेल
मोहन बुर्जा मगर
हसिन शाक्य

# सम्पादन

विजया सुब्बा

# डिजाइन

सुसान मानन्धर
मोहित महर्जन

# शिक्षा नीति तथा अभ्यास केन्द्र

शिक्षा नीति तथा अभ्यास केन्द्र (शिनीअके) सामाजिक न्याय र वातावरणको दृष्टिबाट खासगरी प्रारम्भिक तहको शिक्षालाई व्यापक बनाउन प्रतिबद्ध रहँदै आएको छ । शिक्षालाई समानताको कारकको रूपमा लिई शिनीअकेले शिक्षक र अभिभावकको अन्तरसम्बन्धमा काम गर्छ । शिक्षा प्राप्त गर्ने कुरामा यसले मानवीय आयामलाई भौतिक कुराहरू भन्दा अगाडि राख्छ । शिक्षाको गुणस्तरको लागि उत्प्रेरित शिक्षकबिना अन्य सबै प्रयत्नहरू निरर्थक हुन्छन् भन्ने यसको ठहर छ भने मौलिक अधिकारको रुपमा राज्यले सुनिश्चित गरेको शिक्षाको हक समुदायले दाबी नगरी साकार हुन सक्दैन भन्ने विश्वास छ । विकासको गति र वातावरण विनासलाई विचार गरी विद्यालयमा वातावरणीय पक्षको विशेषगरी खाना उब्जाउने सीप कायम राख्ने कुरामा जोड दिन्छ ।

## कारखाना समूह

कारखाना समूह एक गैरसरकारी संस्था हो, जसले नवप्रवर्तन र गुणस्तरीय शिक्षाम सबैको पहुँचमा पुऱ्याउन कार्य गर्दछ, विशेषगरी सीमान्तकृत समुदायको लागि । कारखाना समूहका  विषयगत क्षेत्रहरू नवीन र समावेशी शिक्षा, डिजिटल रूपान्तरण, आपतकालीन अवस्थामा शिक्षा र दिगोपन र जलवायु शिक्षा (IDEaS) हुन् ।

www.karkhanasamuha.org.np

शिक्षा नीति तथा अभ्यास केन्द्र र कारखाना समूह, २०२५
अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक, यो प्रकाशन रचनात्मक साझा श्रेय प्रदान–गैरव्यावसायिक–समान सर्तमा साझेदारी ४.० अन्तर्राष्ट्रिय (CC BY-NC-SA 4.0) इजाजतपत्र अन्तर्गत प्रकाशित गरिएको छ।
https://creativecommons.org/licenses/by-nc-sa/4.0/

# कृतज्ञता

यस सन्दर्भ सामग्रीको निर्माण **शिक्षा नीति तथा अभ्यास केन्द्र र कारखाना समूह**को सहकार्यमा भएको हो । यसको लेखनका लागि टीका भट्टराई, अनुप सुवेदी, विजया सुब्बा, सरस्वती पौडेल, हसिन शाक्य र मोहन बुर्जा मगरले विषयगत ज्ञान, अनुभव र सुझावद्वारा महत्त्वपूर्ण योगदान दिनु भएको थियो । उहाँहरूको बहुमूल्य समय, सूक्ष्म समीक्षा र नवप्रवर्तनशील दृष्टिकोणले यस सामग्रीलाई सान्दर्भीक  तथा उपयोगी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यो सामूहिक प्रयासले नेपालमा जवाफदेही शिक्षा सेवामा संलग्न अभ्यासकर्ता, नीति निर्माता तथा सरोकारवालाहरूका लागि उपयोगी सामग्री  तयार भएकोमा  हामीलाई गर्व छ ।

यस सामग्रीको निर्माणमा प्रत्यक्ष सहभागिता जनाई सकारात्मक सुझाव प्रदान गर्नु हुने  कर्णाली र मधेश प्रदेशका सिकाई समूहका नागरिक समाज, संघसंस्थाका प्रतिनिधिहरूप्रति धन्यवाद ज्ञापन गर्दछौँ । साथै दलित समाज सेवा संघ का प्रतिनिधिहरू प्रति आभार प्रकट गर्दछौँ । यसैगरी प्रकाशनमा आर्थिक सहयोग प्रदान गर्नुहुने Global Partnership for Education (GPE) को Education Out Loud (EOL) कार्यक्रमप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

तपाईहरूको सहयोग र मार्गदर्शन भविष्यमा पनि यस्तै गरी निरन्तर रहनेमा हामी विश्वस्त छौँ ।

यो रूपरेखा नेपालमा समावेशी र न्यायसंगत शिक्षा प्रणालीका लागि निरन्तर वकालत गरिरहनु भएका नागरिक समाजका अभियन्ता र समुदायका साझेदारहरूलाई समर्पित गरिएको छ ।

## शिक्षा नीति तथा अभ्यास केन्द्र र कारखाना समूह

## विषय सूची

# परिचय

यो मार्गदर्शन पुस्तिका नागरिक समाजलाई सार्वजनिक शिक्षा प्रणालीलाई थप जवाफदेही बनाउन प्रभावकारी जनवकालतका लागि सहयोग पुऱ्याउने उद्देश्यले तयार गरिएको हो । यसले शिक्षा क्षेत्रका संरचनागत, नीतिगत तथा व्यवहारगत चुनौतीहरू समाधान गर्न सामाजिक न्यायको दृष्टिकोणबाट खोज्ने प्रयास गर्नुका साथै, तथ्याङ्कमा आधारित र समावेशितालाई केन्द्रमा राखेको छ ।

यस पुस्तिकामा शिक्षा वकालतका आधारभूत अवधारणा, चरणबद्ध प्रक्रिया, आवश्यक तौरतरिका विधि र सफल अभ्यासका उदाहरणहरू समावेश गरिएका छन् । शिक्षाको जनवकालतका लागि शिक्षा सम्बन्धी अवधारणा स्पष्ट पार्ने, वकालतको आवश्यकता, नागरिक समाज र त्यसको भूमिका बारेमा सहज तरिकाले बुझाउने प्रयत्न गरिएको छ । जनवकालतका लागि सन्दर्भको आवश्यकता, सामाजिक विश्लेषण, समस्या कुन अवस्थामा सवाल बन्छ र सवालको प्राथमिकीकरणबाट जनवकालतको मुख्य मुद्दा पहिल्याउने विधि, तौरतरिका तथा त्यो/ती सवालमा जनवकालतको प्रक्रिया र त्यसबाट समस्या समाधानका लागि आवश्यक परिवर्तनको बाटो देखाउन मद्दत पुग्ने विचारले सामग्रीको संयोजन गरिएको छ ।

यसले शिक्षा अभियन्ताहरूलाई स्थानीय, प्रदेश र संघीय तहका नीतिनिर्माताहरूसँग प्रभावकारी संवाद गर्न, जनसहभागिता बढाउन र सार्वजनिक शिक्षा सेवालाई जवाफदेही बनाउन आवश्यक जनवकालत रणनीति निर्माणमा मार्गदर्शन गर्न सहयोग गर्ने विश्वास लिइएको छ ।

यसमार्फत जनवकालतकर्ताले जनवकालतका लक्ष्य, उद्देश्य र समयरेखा निर्धारण, जनवकालतका चुनातीको विश्लेषण, अवसर पहिचान, संस्थाहरूको प्रभाव मूल्याङ्कन, साझेदारी निर्माण र प्रभावकारी गतिविधिहरू तय गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । यस पुस्तिकाले सार्वजनिक शिक्षा प्रणालीमा दिगो र न्यायपूर्ण सुधार ल्याउन व्यावहारिक उपायहरू खोज्न सघाउनेमा हामी विश्वस्त छौँ ।

यो सामग्री तयार पार्नको लागि शिक्षा नीति तथा अभ्यास केन्द्र  र कारखाना समूह बीच  पहिला यस किसिमको सामग्री तयार गर्ने विषयमा सहमति बनाई प्रत्यक्ष भेटघाट तथा छलफलबाट यसमा समावेश गर्ने विषयको सूची र खाका तयार गरियो । सहमत भएका विषयहरू आपसमा भाग लगाई  पहिलो खेस्रा तयार गरियो  । पहिलो चरणको लेखनपछि त्यसमा थप गर्न आवश्यक विषय र सामग्रीको बारेमा छलफल गरियो र दुवै संस्थाका लेखनमा संलग्न टीम  साथै बसी एकसरो शुरुदेखि अन्त्य सम्मको क्रम मिलाउने, लेखिएको कुरा परिमार्जन गर्ने र आवश्यक लेखन र थप विषय छिनोफानो गरियो । त्यसै आधारमा बाँकी लेखन र कारखाना समूहको तीनवटा क्लष्टर (मधेश र कर्णाली प्रदेशहरू) मा अभ्यासकर्ताहरूसँग जवाफदेही शिक्षा सेवाका लागि जनवकालत कार्यशाला गरियो । कार्यशालाबाट आएको पृष्ठपोषण तथा सिकाइको आधारमा सामग्रीको परिमार्जन गरी यो मार्गदर्शन पुस्तिकालाई अन्तिम रुप दिइएको छ ।

# १

# जनवकालत

## १.१ जनवकालत किन ?  र  जनवकालत भनेको के हो?

एकदम साधारण भाषामा वकालत भनेको एउटाले अर्काका लागि बोलिदिने काम हो । सामान्यतया यो परम्परागत रुपमा नियमकानून जान्ने मानिसले कुनै आरोप लागेको व्यक्तिको पक्षमा नियमकानूनको सहयोगले बोलिदिने प्रक्रिया हो । हामी अनौपचारिक सन्दर्भमा कसैले कसैको पक्षमा बोल्यो भने 'नाक थाप्ने' वा 'भनसुन गरिदिने' पनि भन्छौँ । यहाँ कुरा गर्न खोजिएको वकालत ती भन्दा अलि भिन्न हो ।
यहाँ गर्न खोजिएको कुरा चाहिँ सामाजिक संरचनाका कारण राज्य वा सत्ताका एकाइबाट व्यक्ति वा समूहमा पर्न गएको अन्याय सच्याउन उठाइने सङ्गठित आवाज हो । यो सामान्यत: राज्यले प्रत्याभूत गरेका अधिकार वा प्रावधानको प्राप्तिका लागि गरिन्छ ।

विश्व असमान छ । कति ठाउँमा राज्यले चाहँदाचाहँदै, कति ठाउँमा नचाहेर पनि जनता न्यूनतम जीवन यापन गर्न सङ्घर्ष गरिरहेका छन् । संसार विवेकी पनि छ । अलि भाग्यमानी व्यक्ति, समूह वा देश  यस्तो अवस्थामा रहेका जनतालाई मद्दत गर्न चाहन्छन् । जनतासम्म पुग्छन् तर जहाँ समस्या अनुभव गरिन्छ समस्याको कारण त्यहीँ नहुन सक्छ । विभेद वा वञ्चितिको स्रोत अन्यत्र नै हुन सक्छ ।  यस्तो कारण तत्कालको नभएर ऐतिहासिक पनि हुन सक्छ ।

उदाहरणका लागि मधेशको समुदायको शिक्षाको स्थितिलाई साक्षरताले हेरौ । मधेश प्रदेशमा ५ वर्ष र सोभन्दा माथिको कुल जनसंख्याको साक्षरता दर सन् २०२१ को जनगणनामा ६३.५ प्रतिशत रहेको छ भने नेपालको समग्र साक्षारता दर ७६.२ प्रतिशत रहेको छ । अझै  मधेशमा पुरुष र महिलाको सक्षारता दर हेर्ने हो भने, पुरुष साक्षरता दर ७२.५ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ५४.७ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना २०७८) ।

सामान्यत: अहिले पनि दलित, जनजाति वा मधेशी समूदायहहरू अरू समूहहरू भन्दा पछाडि छन् । तर यी समूदायहरू पछाडि रहनुमा उनीहरूको इच्छाले होइन । उनीहरूले चाहेर मात्र साक्षर हुने वा नहुने भन्ने होइन । यी समूहहरू विभिन्न सामाजिक विभेदका कारणले पछि परेका छन् । जनजातिहरू र मधेशीहरू सामान्यत: विद्यालयमा चलाइने माध्यम भाषाका कारण पछि परेका छन् तर दलितहरू पुस्ता दरपुस्तादेखि भएको शैक्षिक निषेधले पछि परेका हुन् । दासयुगदेखि नै दलितलाई पढ्न प्रतिबन्ध थियो । मधेशका दलितहरूलाई माध्यम भाषाले रोके पनि अरूतिरका दलितलाई माध्यम भाषाभन्दा चालचलन र सामाजिक विभेदले रोक्यो । उनीहरू शासित नै भएर शिक्षाको पहुँच बाहिर रहन बाध्य भए । राज्य संयन्त्रमा जाने व्यवस्था पछाडि खुला गरिए पनि लामो समय पछाडि परेकाले प्रतिस्पर्धामा आउन सकेनन् तर मधेशमा नै भए पनि मधेशी बाहुनहरू शिक्षामा अगाडि नै छन् । राणाहरूले उच्च शिक्षा नपाए पनि उनीहरू शासक खलकका भएकाले शिक्षा नभए पनि अगाडि जान रोकिएन । केही समय शासनसत्तामा बस्न पाएपछि उनीहरू शिक्षामा पनि अगाडि बढे । शक्तिसँग धन र ज्ञान मिसियो । दलितको न धन भयो, न शक्ति, न ज्ञानमा पहुँच ।

अर्थात्  कुनै ठाउँका दलित जस्ता समूह शिक्षामा पछाडि पर्नुका पछाडि हाम्रो सामाजिक संरचना जसका लागि राज्य व्यवस्था जिम्मेवार छ । त्यसै कारणले उनीहरूलाई सकारात्मक विभेद गर्नुपर्ने हुन्छ । आरक्षण समाजले इतिहासमा गरेको वञ्चनाको क्षतिपूर्ति हो । यसकै अर्को रूप छ लिङ्गभेदको । बाहुन नै भए पनि त्यसै समूहका महिलाहरू वञ्चना मै परे ।  यहाँ यस किसिमले वञ्चित भएका समूह र त्यस भित्रका विशेष व्यक्तिहरूको लागि पक्षमा गरिने प्रयत्नलाई जनवकालत भनिएको छ । अझ कतिपय व्यक्तिहरू दोहोरोतेहोरो सीमान्तीकरण वा दलनमा पर्छन् । उदाहरणका लागि, एक महिला मात्र महिला भएकै कारण चुनौतीमा पर्न सक्छिन्, तर यदि उनी दलित समुदायकी छन् भने थप भेदभावको सामना गर्नुपर्ने  हुनसक्छ भने उनमा, अपाङ्गता पनि भए अझै थप भेदभावमा पनि गर्न सक्छिन् । त्यसैले नागरिक समाज सङ्गठनहरूले जनवकालत वा कार्यक्रम बनाउँदा यी सबै पहिचानहरूको असरलाई ध्यानमा राख्नुपर्छ, जसले सबैलाई समेट्ने न्यायपूर्ण शिक्षा र सेवा सुनिश्चित गर्न मद्दत गर्छ ।

## १.२. विकासका अवधारणाको विकास क्रम र त्यसमा जनवकालतको स्थान

यहाँ छलफल गरिने जनवकालतको आवश्यकता तत्काल मात्र अनुभव गरिएको भने होइन । वञ्चनासँगै विभिन्न नाममा सहयोगका प्रयत्नहरू पनि भए । यसमा हाम्रो ज्ञान र अनुभव बढेसँगै राज्यको अवधारणामा  आएको परिवर्तन र त्यसले विकासका प्रयत्नमा फेरबदल पनि ल्यायो । जनवकालतबाट सामाजिक न्याय बढाउने किसिमको प्रयत्न गर्न कमसे कम खुला र राज्यव्यवस्था र अभिव्यक्तिको स्वतन्त्रता चाहिन्छ । राज्यले कल्याणकारी रुप लिए पनि क्षमताको कमी तथा मानवीय कमजोरीका कारण सरकारले काम गर्दा अधिकारको पक्ष ओझेलमा पर्छ । संलग्न तालिका १.१ ले राज्यको रुप फेरिँदै जाँदा  किन जनवकालत आवश्यक भयो भनेर बुझ्न र यसको उद्विकासको क्रम बताउँछ ।

विकासको अवधारणामा समय र परिस्थितिअनुसार परिवर्तन हुँदै आएको छ । प्रारम्भमा विकासको कामलाई केवल आपतकालीन सहयोग वा राहतको रूपमा बुझिन्थ्यो, जसमा प्रभावित समुदायलाई सहायता दिने मात्र मुख्य लक्ष्य रहन्थ्यो । पछि, सुधारको चरणमा अवसर, सीप र स्रोतको अभावलाई मुख्य समस्या मानी त्यसअनुसार काम गरिने भयो, राज्यको रुप पनि नागरिकका लागि कल्याणकारी काम गर्ने भयो । अझै पनि निर्णय प्रक्रियामा संलग्न नगरी निष्कृय सेवाग्राहीका रुपमा नागरिकको भूमिका सीमित थियो । तर स्रोत र अवसरमा पहुँच नहुँदा र निर्णय प्रक्रियामा सहभागी हुन नपाउँदा समुदाय र मानिसहरू पछाडि पर्ने अवस्थामा सुधार हुन सकेन । त्यसैले पछिल्लो चरणमा, विकासको अवधारणा (दृष्टिकोण) वञ्चनामा परेको मानिस समुदायको अधिकारमा आधारित मोडेलतर्फ उन्मुख भयो, जसमा स्रोतको न्यायपूर्ण वितरण, सामाजिक न्याय अनुरुप नीतिगत परिवर्तन र जनताको प्रत्यक्ष सहभागिता केन्द्रमा रह्यो । यो अवधारणाले विकासको नीति निर्माणमा वञ्चनामा परेको समुदायको सहभागिता र पहुँच हुनुपर्ने मान्यता राख्छ । यसले "जसको सवाल उसको नेतृत्व" भन्ने विचारलाई स्थापित गर्‍यो । यस परिवर्तनशील यात्रामा वकालतको भूमिका क्रमशः बढ्दै गयो ।

"जसको सवाल उसको नेतृत्व" भन्ने सिद्धान्तअनुसार, विकास प्रक्रियाको नीति निर्माणमा प्रत्यक्ष प्रभावित समुदायले नै नेतृत्व गर्नुपर्छ । राहत मोडेलमा यो सम्भावना देखिँदैन, किनभने यहाँ नागरिकलाई केवल सहायता लिने पात्रका रूपमा हेरिन्छ । सुधारको मोडेलमा पनि स्रोत, सीप र अवसरको अभावले नागरिक विकासबाट वञ्चित भएको मान्यताले गर्दा नेतृत्व बाह्य व्यक्ति वा संस्थासँग रहन्छ, जहाँ उनीहरूले तालिम, ऋण वा सेवा दिने तरिकाले काम गर्छन्, तर नागरिक अझै पनि निष्क्रिय प्राप्तकर्ताको भूमिकामा हुन्छन् । यसको विपरीत, अधिकारमा आधारित अवधारणामामा नागरिकलाई सक्रिय र सक्षम नेतृत्वकर्ताका रूपमा लिइन्छ  । उनीहरू आफ्ना सवालका समाधानका लागि आफैं अग्रसर हुन्छन्  । यो अवधारणाले सामाजिक शक्ति संरचनामा परिवर्तन ल्याउने हुनाले यसलाई आमूल परिवर्तनको अवधारणा पनि भनिन्छ ।

विकास अवधारणाको रुपान्तरण हेर्दा प्रारम्भमा राहतको चरणले आपतकालीन आवश्यकता मात्र सम्बोधन गर्‍यो । त्यसपछि सुधारको चरणले केही दीर्घकालीन सोच ल्याए पनि अझै संरचनात्मक समस्यामा ठोस समाधान ल्याउन सकेन र अन्ततः, आमूल परिवर्तनको अवधारणाले अधिकारमा आधारित विकासको दृष्टिकोणलाई अगाडि सारेको छ, जसमा स्रोत र अवसरको समान वितरण, उचित नीतिगत सुधार तथा दीर्घकालीन र निरन्तर जनसहभागिता अपरिहार्य मानिन्छ ।

अधिकारमा आधारित विकासको दृष्टिकोणले दान र सेवाभन्दा बढी समान अधिकार र न्यायको सुनिश्चिततामा जोड दिन्छ । यसमा स्रोतको असमान वितरण र नीतिगत कमजोरीलाई वञ्चनाको मूल कारणका रूपमा लिइन्छ, र त्यसको समाधानका लागि वकालत, सङ्गठन, र नागरिकको सशक्तिकरणलाई प्रमुख उपकरणका रूपमा प्रयोग गरिन्छ । यसरी, वकालत विकास अवधारणाको महत्वपूर्ण माध्यम बन्न पुग्छ, जसले नागरिकलाई केवल लाभ लिने पात्रबाट अधिकारको माग गर्ने र नेतृत्व गर्ने सक्रिय भूमिकातर्फ उन्मुख गराउँछ ।

तालिका १.१ विकासका विभिन्न अवधारणाबीच मुख्य फरकहरू

| विकासका पक्ष या चरणहरू | समकालीन राज्यको स्वरूप | मानिएको गरीबीको कारण | वैचारिक धारा/ मान्यता | मुख्य कर्ता | कामको प्रकृति | कार्य कर्ताको भूमिका | कामको तह | समयावधि र निरन्तरता |
|---|---|---|---|---|---|---|---|---|
| राहत (Relief) | सुरक्षा र कानून न्याय | स्रोतको कमी वा अभाव | भाग्य, प्रारब्ध , भगवान बेखुशी | धनी, साहु, दानी | राहत वितरण | व्यवस्था पन, प्रशासन | व्यक्ति तथा परिवार | दाताको इच्छा र दयामा आधारित |
| सुधार (Reform) | कल्याणकारी राज्य | पूँजी र दक्षताको अभाव | असहज परिस्थिति र व्यक्तिगत क्षमताको अभाव | दाताले जनता लाई काममा लगाउने, विचौलिया | तालिम सल्लाह ऋण | तालिमे, सल्लाह कार, ऋण वितरक | व्यक्ति तथा परिवार | अल्पका लीन, पटके |
| आमूल परिवर्तन (Radical Change) | जनतालाई अधिकार सम्पन्न बनाउने (Enabling State) | स्रोतको असमान वितरण र अनुपयुक्त नीति | अवधार णात्मक अस्पष्टता र सङ्गठित दबाबको अभाव | जनता स्वयम् | सङ्गठन, सूचना, वकालत | सहयात्री, कोच, सङ्गठक | स्थानीय देखि विश्व | दीर्घकालीन र निरन्तर |

(स्रोत: Chambers, 1994, Challenging the Frontiers का आधारमा टीका भट्टराई; CEPP द्वारा अनुकूलित)

## १.३. जनवकालतको दायराः

### (क) जनवकालतले के गर्न सक्छ ? के गर्न सक्दैन ?

जनवकालतको कुरा गर्दा पनि कानुनी उपचार वकालतको रणनीतिमा पर्न सक्छ तर सामान्यत: त्यसलाई आखिरी उपायको रुपमा मात्र लिइन्छ । जनवकालतको मुख्य विधि हकवालाहरूको दबाब नै हो । त्यस अर्थमा यो एक राजनैतिक कार्यको प्रक्रिया हो । अरू राजनैतिक प्रक्रिया भन्दा के फरक हो भने यसमा सामान्यत: नागरिकको प्रयत्न हुन्छ र घटनामा वा सवालमा आधारित हुन्छ ।  यसमा संलग्न व्यक्तिहरू सवालमा मात्र सरोकार राख्छन् र उनीहरूको सत्तामा जाने अभीष्ट हुँदैन । यति भनिए पनि यदि देशको अवस्था नागरिक समाजलाई काम गर्न असहज भयो भने यसले देशका राजनैतिक शक्तिहरूसँग तबसम्म काम गर्न सक्छ जबसम्म परिस्थिति सहज हुँदैन । नेपालमा गणतन्त्र स्थापनामा धेरै नागरिकहरू संलग्न भए । अगुवाहरूले नेतृत्वदायी भूमिका पनि खेले तर गणतन्त्रको स्थापना पछि सत्तामा गएनन् । फ्रान्सेली राज्यक्रान्तिलाई यसको गौरवपूर्ण उदाहरणका रुपमा लिइन्छ । नेपालका गैरसरकारी संस्था  कति नागरिक समाज हुन् अर्कै छलफलको विषय हो । यो छलफल सम्बन्धित खण्डमा गरिएको छ।

### (ख) जनवकालत सम्वादको एउटा प्रक्रिया हो ।

राज्य कल्याणकारी छ र जनकल्याण गर्न चाहन्छ । यी कुराहरू देशका मुख्य दस्तावेजहरूमा उल्लेख गरिएका हुन्छन् । दस्तावेजमा उल्लेख गरिएका अधिकारहरू, सेवाहरू वा आशयहरू पनि सबैसम्म पुगेका छैनन् भने राज्यको कर्तव्य ती प्रदान गर्नु र नागरिकले ती अधिकार दाबी गर्नु हो । अधिकारहरू दाबी गर्ने प्रक्रिया नै जनवकालत हो । यो काम शान्तिपूर्ण हुन्छ र संवाद र सञ्चारका माध्यमले हुन्छ । राज्यका मूल कानूनका सीमा भित्र गरिन्छ । नागरिकको अधिकारका लागि राज्यका निकायसँग संवादबाट अधिकार प्रत्याभूतिको माग गरिन्छ । त्यसरी हक वा अधिकार पाउन नसक्दा हकवाला सङ्गठित गर्न/हुनका लागि हकवाला बीचमा संवाद गरी

सङ्गठित हुन उत्प्रेरित गरिन्छ । तर सङ्गठित भएर अधिकार दाबी गर्ने प्रक्रिया शुरु गर्दैमा यो प्रक्रिया शुरु गर्नेकै नियन्त्रणमा रहन्छ भन्ने हुँदैन । कहिले दबाबको प्रक्रिया तीव्र हुँदै जाँदा हिंसात्मक पनि हुन पुग्छ । वार्ता बाझाबाझ हुँदै हात हालाहाल सम्म पुग्छ । तर नागरिक समाजको शक्ति भनेकै हिंसाविहीन रुपमा अधिकार दाबी गर्नु र गर्न सघाउनु हो । हिंसात्मक हुनासाथ राज्यले पनि शक्ति प्रयोग गर्छ र जनवकालतको काम बिथोलिन्छ ।

## (ग) क्षेत्र: विषय र भूगोल (कार्यक्षेत्र)

सबै क्षेत्र र विषयमा एकै पटक वा सानो समूहले काम गर्न सम्भव हुँदैन । ठोस स्रोत, सीप र समयको दरकार पर्दछ । बृहत् क्षेत्रमा प्रयत्न पनि धेरै चाहिन्छ यद्यपि बेलाबेला सवाल मिलेका कारण भूगोल (गाउँ, वडा, पालिका, प्रदेश) वा सरोकारवाला (विद्यालय शिक्षामा काम गर्न बाल संरक्षणमा काम गर्नेहरूको वा बालश्रममा काम गर्नेहरूको) वा हकवाला (महिला, युवा, दलित वा जनजाति ) गुड्दै जाँदा हिँउको डल्लो ठूलो भए जस्तै स्वत: व्यापक पनि हुन सक्छ ।

यस विषयमा सवाललाई आकार दिने सम्बन्धी खण्डमा अलि विस्तारमा चर्चा गरिएको छ ।

# २

# नागरिक समाज

## २.१. नागरिक समाज के हो ?

सामान्यत: शासन सत्तामा जाने र मुनाफा लिने आशय पनि नराखी मानवअधिकार, सामाजिक तथा वातावरणीय न्याय, सार्वजनिक जवाफदेहिता, सुशासन आदिका लागि शान्तिपूर्ण तरिकाले सामाजिक परिवर्तनमा संलग्न हुने समूह नागरिक समाज हो । अर्को शब्दमा, नागरिक समाज भनेको राज्यका संयन्त्रमा रहेका, सरकारबाट पारिश्रमिक लिने र निजी क्षेत्र बाहेकका सङ्गठन, समूह, र व्यक्तिहरूको समूह हो । यी शब्दले शासक र शासनमा संलग्न हुने सेना, प्रहरी तथा कर्मचारी वा राज्यको स्रोतबाट तलब पाउने समूहहरू र नाफाका लागि काम गर्ने (व्यापारसँग सम्बन्धित) भन्दा फरक तथा मानवअधिकार, सामाजिक न्याय र सुशासनका लागि लागी पर्ने भन्ने आशय पनि जनाउँछ ।

**सरल रुपमा निम्न बुँदाले नागरिक समाजलाई बुझ्न सकिन्छ ।**

- स्वस्फूर्त, स्वायत्त र स्वयंसेवी भावनायुक्त हुन्छ ।
- सत्ताबाट स्वतन्त्र हुन्छ । सत्तामा जाने नियत हुँदैन ।
- नाफा कमाउने उद्देश्य हुँदैन ।
- सामाजिक न्याय  र बृहत् जनहित मुख्य उद्देश्य हुन्छ ।
- समानता, सहभागिता र जवाफदेहिता प्रवर्द्धन गर्छ ।
- समस्या समाधानका लागि सकेसम्म हिंसाको बाटो अपनाउँदैन ।
- करुणा र मानवीयता सम्पूर्ण गतिविधिको केन्द्रमा हुन्छ ।

## २.२. के गैरसरकारी संस्थाहरू नागरिक समाज हुन् ?

उनीहरूका चरित्रका आधारमा गैरसरकारी संस्थाहरू नागरिक समाज हुन सक्छन् तर सबै एनजीओहरू नागरिक समाज नहुन सक्छन् । कुन हुन्, कुन होइनन् माथिका विशेषताका आधारमा हेर्न सकिन्छ । नेपालको कानूनले सबै किसिमका संस्थाहरू जस्तै 'चेम्बर अफ कमर्स', धार्मिक संस्था, मन्दिर (वा अन्य धर्मका प्रार्थनास्थल) संरक्षण संस्था, राजनीतिक दल आबद्ध  शिक्षकका सङ्गठनहरू आदि गैरसरकारी संस्था (NGO) का रुपमा दर्ता हुनुपर्ने बनाएको छ । तर गैससका रुपमा दर्ता भएका सबै संस्थाहरू नागरिक समाज होइनन् ।

## २.३. नागरिक समाजको भूमिका

राज्य कल्याणकारी र कर्तव्यवाहक भए पनि राज्यको काम शान्ति सुरक्षा कायम गर्ने पनि भएकाले उसमा बेलाबेला दमनकारी चरित्रहरू प्रभावशाली हुन पुग्छन् । राज्य प्रभावशाली वर्गको प्रभावमा रहने हुँदा त्यो वर्गको स्वार्थलाई प्राथमिकता दिँदा सीमान्तकृत समुदायको अधिकार मिचिने, आवाज सुनुवाई नहुने वा उनीहरूका समस्या अनदेखा गरिरहेको हुनसक्छ । व्यापारीले नाफाका लागि अरूको अधिकार हनन् गर्ने, प्राकृतिक स्रोत एकलौटी बनाउन राज्यलाई प्रभावित पार्ने र कमजोर समुदायको अधिकारको वेवास्ता गर्न सक्छन् । यथार्थमा राज्य र व्यापारीहरू बेलाबेला नाफा बढाउन र शक्ति केन्द्रीकृत गर्न अत्यधिक नजिक हुन सक्छन् । राज्य र व्यापारी बढी नजिकिँदा जनसाधारणको अधिकार हनन् हुने सम्भावना बढ्छ । समुदायले उपयोग गर्दै आएको प्राकृतिक स्रोत व्यापारीको हातमा पुग्न सक्छ ।
समुदाय र नागरिकको अधिकार हनन् हुन नदिन राज्य र व्यापारीलाई अनावश्यक रुपमा नजिक आउन नदिनु पनि नागरिक समाजको काम हो । यस हिसाबले नागरिक समाज सर्वत्र सदाबहार प्रतिपक्षी जस्तो हुन्छ तर उनीहरू सामान्यत: राज्यकै छाता भित्र काम गर्छन् । मुख्य रुपमा उनीहरूको शक्तिको स्रोत पूँजी वा सेना होइन जनसाधारण र नैतिक बल हो ।

बुझ्नका लागि शिक्षा स्वास्थ्य जस्ता सार्वजनिक हितका विषयमा नागरिक समाजका भूमिका निम्न प्रकारका हुन सक्छन्:

### (क) जनताको आवाज उठाउनेः मुद्दा पहिचान गर्ने, सवालको उठान

समुदायमा रहेका समस्याहरूलाई पहिचान गरी त्यसलाई सार्वजनिक चासोको सवालको रूपमा उजागर गर्नु हो । नागरिक समाजले व्यक्तिगत समस्या नभई, साझा सरोकार र संरचनात्मक कारणहरू पत्ता लगाएर त्यसलाई सामाजिक मुद्दा बनाउँछ । यो प्रक्रिया सवालको जीवनचक्र सुरु गर्ने पहिलो चरण हो ।

### (ख) निगरानी गर्ने र जवाफदेहिता बढाउनेः सेवा, नीति र बजेटको निगरानी

सरकारले दिने सेवा, लागू गरिएका नीति र खर्च भएका बजेटहरू नियम, मापदण्ड र प्रतिबद्धता अनुसार कार्यान्वयन भइहेका छन् कि छैनन् भन्ने अनुगमन गर्ने काम हो । नागरिक समाजले बजेट अनुगमन (ट्र्याकिङ), सामाजिक परीक्षण (अडिट), सार्वजनिक सुनुवाइ वा समुदायमा आधारित निगरानी जस्ता साधन (टुल) को प्रयोग गरेर शासनलाई जवाफदेही बनाउने काम गर्नु पर्दछ ।

### (ग) सेवा हकवाला र सरकारबीच मध्यस्थ (राज्य र जनतालाई जोड्ने)

नागरिक समाजले सेवा हकवाला र सरकारबीच संवादको पुल बनाउने भूमिका गर्दछ । धेरैजसो सीमान्तकृत समुदायहरू राज्यका संरचनासँग वञ्चित/टाढा हुन्छन्, उनीहरूको आवाज सुनुवाइ हुँदैन । नागरिक समाजले दुवै पक्षबीच विश्वास, जानकारी र सहकार्यको माध्यम बनेर उनीहरूलाई जोड्ने काम गर्नु पर्दछ ।

### (घ) नीति निर्माणमा प्रभावमा पार्नेः वकालत र सुझावमार्फत

नागरिक समाजले सुझाव, अनुसन्धान, संवाद र दबाबमार्फत नीति निर्माण, संशोधन वा कार्यान्वयनमा प्रभाव पार्ने प्रक्रिया हो । यसले तथ्यमा आधारित सिफारिस, समुदायको अनुभव वा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रयोग गरेर नीति निर्मातालाई सहमत पार्ने प्रयास गर्नु पर्दछ ।

### (ङ) सशक्तिकरणः कमजोर र वञ्चित समूहलाई सशक्त बनाउने

सामाजिक, आर्थिक वा राजनीतिक दृष्टिले पछाडि पारिएका समूहहरूलाई आफ्नो हक बुझ्न, आवाज उठाउन, निर्णय प्रक्रियामा सहभागी हुन र अधिकारको माग गर्न सक्षम बनाउने प्रक्रिया नै सशक्तिकरण हो । यसमा नागरिक समाजका भूमिका निरन्तर रूपमा सक्रिय हुनु पर्दछ ।

## नागरिक समाजका कार्यकर्तालाई के भन्ने?

नागरिक समाजका कार्यकर्ताहरूलाई विभिन्न सन्दर्भअनुसार फरक-फरक तरिकाले सम्बोधन गर्न सकिन्छ, तर सामान्यतया यिनीहरूलाई निम्न शब्द र शब्द समूह प्रयोग गरेर चिनाउन सकिन्छ ।

**सामान्य रूपमा प्रयोग हुने शब्दहरूः**

- सामाजिक कार्यकर्ताः समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले काम गर्ने व्यक्ति ।
- जन अभियन्ता (Advocate): जनताका सवाल उठाउने, आवाज दिने र अधिकार माग्ने कार्यमा संलग्न व्यक्ति
- सहजकर्ता (Facilitator): समुदायसँग संवाद, सहभागीमूलक प्रक्रिया र समाधान खोज्न सहयोग गर्ने व्यक्ति ।
- मानवअधिकारकर्मीः मानव/अधिकारका विभिन्न पक्षको प्रवर्द्धन र संरक्षणमा काम गर्ने व्यक्ति ।
- सामुदायिक अगुवा र सञ्जालकर्ताः स्थानीय समुदायमा नेतृत्व लिने वा समूहहरू सङ्गठित गर्ने व्यक्ति ।
- परिवर्तन प्रेरक (Change Agent): सामाजिक अन्याय वा विभेदको विरुद्ध काम गर्ने र व्यवहार परिवर्तनमा सहयोग गर्ने व्यक्ति ।
- नागरिक अगुवा (Civic Leader): समुदायमा नीति, सेवा वा सुशासनका लागि जनसरोकारको नेतृत्व गर्ने व्यक्ति ।

नागरिक समाजमा काम गर्ने व्यक्तिहरू वैतनिक वा अवैतनिक दुवै हुन सक्छन् । उनीहरू स्वयंसेवी मात्र हुनु पर्‍यो भने कम स्रोत भएका व्यक्तिहरूले यस्तो काम गर्न नपाउने हुन सक्छ । उनीहरूमा अतिरिक्त प्रयत्न गर्ने तत्परता, नैतिकता, समर्पण र जनविश्वास मुख्य चरित्र हुन् ।

### (च) परिवर्तन सहजकर्ताको भूमिकाः प्रेरक, मार्गदर्शक र सञ्जालकर्ता

नागरिक समाजका कार्यकर्ताले समुदाय वा व्यक्तिहरूमा सकारात्मक सामाजिक परिवर्तन ल्याउन सहयोग गर्ने प्रेरक, मार्गदर्शक र सञ्जालकर्ताको भूमिका खेल्न सक्दछ । यिनीहरू सधै निर्णय नलिने, तर अर्कोलाई निर्णय गर्न, सोच्न र क्रियाशील हुन सजिलो बनाउने भूमिका निर्माण गर्दछ ।

## २.४.जनवकालत सहजकर्ताको भूमिका

परिवर्तन सहजकर्ता भनेको त्यस्तो व्यक्ति वा समूह हो जसले बिना नियन्त्रण, बिना सत्ताको लोभ, केवल सशक्तिकरणको उद्देश्यले समुदायभित्रका व्यक्तिहरूलाई आफ्ना समस्या आफैँ चिन्न, समाधानबारे सोच्न, मिलेर काम गर्न र आवाज उठाउन सहयोग गर्दछ । बुँदागत रूपमा सहजकर्ताका भूमिकाहरू यस प्रकार रहेका छन्:

- **विचार गर्न मद्दत गर्ने** - प्रश्न उठाउने, विभिन्न दृष्टिकोण देखाउने, सहमति निर्माण गर्न सहयोग गर्ने ।
- **काम गर्न उत्प्रेरित गर्ने** - समुदायमा ऊर्जा भरिदिने, उनीहरूलाई आफ्नो क्षमतामा विश्वास दिलाउन योगदान गर्ने ।
- **सहयात्री, कोच, सङ्गठक** - परिवर्तनको यात्रामा समुदायसँगै हिंड्ने, उनीहरूका अनुभवलाई सम्मान गर्ने । उत्तर दिनु भन्दा प्रश्न गरेर सोच्न र समाधान खोज्न प्रेरित गर्ने । छरिएर रहेका व्यक्तिहरूलाई साझा सवालमा एकजुट पार्ने ।
- **पक्ष लिने (उत्पीडितसँग उभिने)** - निष्पक्षताको नाममा चुप लाग्ने होइन, अन्याय भोगेकाको पक्षमा दृढ रूपमा उभिने ।
- **पीडा व्यक्त गर्न अवसर सिर्जना गर्ने** - पीडितले खुला रूपमा आफ्नो कथा भन्न सक्ने सुरक्षित, आत्मीय र सम्मानजनक वातावरण बनाउने ।
- **बृहत् चित्र प्रस्तुत गर्ने** - व्यक्तिगत अनुभवलाई ठूला संरचनासँग जोड्ने, समस्या र समाधानको व्यापक परिप्रेक्ष्य दिन सक्ने । परसम्मको र परिवर्तन पछिसम्मको चित्र देखाउन सक्ने ।
- **सामुदायिक सहभागिता बढाउने** - सबै समूहलाई प्रक्रिया, निर्णय र समाधानमा सहभागी गराउने । विशेष गरी वञ्चित, मौन र कम सुनिएका आवाजहरूलाई ।
- **आदर्श प्रस्तुत गर्ने**: आफ्नो जीवन शैली र भनाइमा फरक नभएको अर्थात् बँधुवा मजदूर मुक्तिको कुरा गर्ने आफ्नै घरमा बँधुवा मजदूर भएको, लैङ्गिक समानताको कुरा गर्ने तर घरमा पितृसत्ता कायम राखेको वा वातावरणको अभियान गर्ने तर रुख काट्ने ठेक्का लिने वा अत्यधिक उर्जा खपत गर्ने जस्ता काम नगर्ने ।

जनवकालत राजनैतिक काम हो तर त्यो दलगत होइन, सरकार वा सत्तामा पुग्नको लागि होइन । नागरिक समाजले सत्ता प्राप्त गर्ने राजनीति गर्दैन । यो काम सीमान्तकृत समुदाय, हक अधिकारबाट विमुख पारिएका समुदायको लागि हक प्राप्तिको लागि गरिने राजनीति हो ।

## २.४. नागरिक समाज र शिक्षा

ऐतिहासिक रूपमा, नेपालमा नागरिक समाजले शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ, विशेषगरी नीतिगत निर्णयहरूमा प्रभाव पार्दै, शिक्षा पहुँचमा समानताको पक्षमा वकालत गर्दै, र संघीय तथा स्थानीय सरकारलाई शिक्षा सेवा सुदृढ पार्न सहयोग गर्दै आएको छ । उनीहरूको प्रयासले समावेशिता, गुणस्तर, र जवाफदेहिता जस्ता विषयलाई शिक्षा सम्बन्धी राष्ट्रिय बहसमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ । तथापि, नागरिक समाज भित्र शिक्षा र यसको सेवाबारे अझ बढी जानकारीपूर्ण र सार्वजनिक संवादको आवश्यकता अझै छ । धेरैजसो नागरिक समाजका सरोकारवालाहरू नेपालको वर्तमान शिक्षा प्रणाली र सेवा वितरणको वास्तविकताबाट अनभिज्ञ छन् र सोचमा गहिरो रूपमा जरा गाडेका गलत धारणाहरू विद्यमान छन् । नागरिक समाजका  कमजोर संलग्नताका कारण शिक्षा नीति र सेवा सरोकार राख्ने समूहद्वारा प्रभावित हुँदै आएको छ र राजनीतिक नेतृत्वले शिक्षालाई प्राथमिकतामा राख्ने प्रवृत्ति कमजोर बन्दै गएको छ ।

नागरिक समाज सङ्गठनकै कुरा गर्ने हो भने यी सङ्गठनहरूका लागि वकालतको क्षेत्र संकुचित हुँदै गएको छ । जस्तै - मानवअधिकार, शिक्षा सुशासन, स्रोत पारदर्शिता जस्ता विषय उठाउँदा राजनैतिक र प्रशासनिक दबाब वा निगरानी बढ्ने अनुभव गरिएको छ जसले निर्णय गर्ने कर्ता वा निकायलाई जवाफदेही बनाउन सक्ने उनीहरूको क्षमता सीमित बनेको छ । यसले गर्दा नागरिक समाज सङ्गठन (CSO) र सरकारबीच कुनै अर्थपूर्ण सहकार्य देखिँदैन ।  सरकारको दृष्टिमा परियोजना स्वीकृति प्रक्रिया नै सहकार्यको रूप मानिन्छ तर त्यो केवल कानूनी पालना मात्र हो, वास्तविक साझेदारी होइन ।

अत्यन्त कमजोर आर्थिक वा सामाजिक अवस्थामा भएको व्यक्तिलाई पनि शिक्षाले उसको अवस्थामा सुधार ल्याउन, अरूहरूसित प्रतिस्पर्धा गर्न र उसलाई आफ्नो उन्नति गर्न समर्थ बनाउँछ । यो कुरा बुझेरै संसारका सबै राज्यले आफ्ना कुनै पनि नागरिक शिक्षाबाट वञ्चित नहोउन् भनेर नि:शुल्क वा कम शुल्कमा सार्वजनिक शिक्षाको व्यवस्था गरेका हुन्छन् । कल्याणकारी राज्यमा सार्वजनिक शिक्षाले प्रमुख प्राथमिकता पाएको हुन्छ । सार्वजनिक शिक्षाको सुन्दर पक्ष भनेको यसले समाजका सबै वर्ग, जाति, लिङ्ग वा सम्प्रदायका बालबालिकालाई एउटै विद्यालयमा एकैखाले शिक्षा प्रदान गर्ने गर्दछ । यसले कक्षाकोठाले नै सिङ्गो समाजको प्रतिनिधित्व गर्छ र

बालबालिकाले आफ्नै कक्षाकोठा र विद्यालयबाट समाजको अवस्थाका बारेमा सिक्छन् । समाजमा रहेका फरक समूहको परिचय र जानकारी पाउँछन्, बुझ्ने अवसर पाउँछन् । यसले समतामूलक र मिलनसार समाज बनाउन ठूलो भूमिका खेल्दछ

तर हाम्रो देशमा राज्यले शिक्षामा निजी क्षेत्रलाई नाफाका लागि लगानी गर्न (व्यापार गर्न) दिने नीतिले समता प्रवर्द्धन गर्नुपर्ने शिक्षा नै विभेद र विभाजन बढाउने माध्यम बनेको देखिन्छ । सरकारले उपलब्ध गराउनु पर्ने शिक्षाका लागि जीवनका अन्य सुविधामा कटौति गरेर भए पनि अभिभावक आफ्ना सन्तानको शिक्षामा लगानी गर्न बाध्य भएका छन् । यसले हुनेखानेका लागि एकथरी शिक्षा र हुँदा खानेका लागि अर्कोथरी शिक्षा भएको छ । संविधानले दिएको समान शिक्षाको अधिकार खोसिएको छ । यसले निमुखा नागरिकका सन्तानलाई शिक्षाको माध्यमबाट अरूसँग प्रतिस्पर्धा गर्न सक्ने बनाएर गरीबी र पछौटेपनबाट माथि उकास्नुको साटो उनीहरूकै जीवनलाई असफलतातिर धकेलि दिएको छ, माथि उक्लने अवसरबाट वञ्चित गरिएको छ । दुईतिहाइभन्दा बढी बालबालिकाको भविष्य राज्यले शिक्षाको गुणस्तरमा ध्यान नदिँदा अन्धकारमा धकेलिएको छ । असन्तुष्टी विष्फोट हुँदा के हुन्छ जेन-जी आन्दोलनले देखाएको छ । समाजमा विभेद घटाउन, समता बढाउन र समाजमा हिंसा कम गर्न र सामाजिक न्याय प्रवर्द्धन गर्न सार्वजनिक शिक्षा सुधार नागरिक समाजको एक महत्वपूर्ण काम हो ।

# ३

# सामाजिक विश्लेषण

सामाजिक विश्लेषण भनेको समाजमा देखिने समस्या, अवस्था वा प्रक्रियालाई गहिराइपूर्वक अध्ययन गरी त्यसको कारण, प्रभाव र समाधान पहिचान गर्ने प्रक्रिया हो । यसले कसरी, किन र कुन सन्दर्भमा त्यो सामाजिक अवस्था बनेको हो भन्ने बुझ्न मद्दत गर्छ ।

**सामाजिक विश्लेषणका मुख्य पक्षहरू:**

- सन्दर्भ बुझ्ने: ऐतिहासिक, राजनीतिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमि आदिको अध्ययन,
- सामाजिक संरचनाको विश्लेषण,
- सवाल/समस्या पहिचान गर्ने: मुख्य सरोकार र चुनौती के-के छन् भनेर छुट्याउने,
- शक्ति सम्बन्ध र सरोकारवालाहरू पत्ता लगाउने: को-को प्रभावित छन् र कसको कस्तो भूमिका छ ?
- सम्भावित समाधान र रणनीति बनाउने: समस्या समाधानका उपाय र वकालतको बाटो तय गर्ने,

अर्थात्, सामाजिक विश्लेषण समाजको वास्तविकता बुझ्ने र परिवर्तनको दिशा पहिल्याउने आधार हो । सामाजिक विश्लेषणका लागि उक्त समाजको विभिन्न पक्षको पृष्ठभूमि बारेमा जति बढी जानकारी भयो विश्लेषण उत्तिनै सटीक र ठोस हुनसक्छ । ऐतिहासिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, वातावरणीय आदि अवस्थाका सन्दर्भले सामाजिक विश्लेषणमा मद्दत गर्छ ।

## ३.१. सन्दर्भ

नेपालको संविधानले शिक्षासम्बन्धी अधिकार विभिन्न तहहरूलाई बाँडफाँट गरेता पनि, सार्वजनिक शिक्षा सेवाको प्रवाहमा अझै थुप्रै समस्याहरू देखिन्छन् । सार्वजनिक शिक्षामा निर्भर रहने विद्यार्थीहरू प्रायः सीमान्तकृत वर्गमा पर्ने भएकाले, गुणस्तरीय र अर्थपूर्ण शिक्षा प्रदान गर्न सार्वजनिक शिक्षा प्रणालीलाई जवाफदेही बनाउनु अत्यन्त आवश्यक हुन्छ । स्थानीय शिक्षा सेवाको समस्या बुझ्नको लागि त्यहाँको सन्दर्भ बुझ्न आवश्यक छ ।

सन्दर्भले सामाजका अभ्यास, व्यवहार र सम्बन्धहरू, मूल्यमान्यता, विश्वास र मानिसले संसारलाई कसरी हेर्छन् भन्ने बुझ्न मद्दत पुग्छ । ऐतिहासिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, वातावरणीय आदि अवस्थाको सन्दर्भले समस्या बुझ्न र विश्लेषण गर्न सहयोग पुग्छ । मानव गतिविधिहरू निश्चित सन्दर्भ, परिस्थिति वा परिवेशमा हुन्छन् । यहाँ सन्दर्भ भन्नाले जनवकालतका सवाल वा नीतिसँग जोडिएको सामाजिक राजनीतिक परिस्थिति/परिवेशलाई जनाउँछ । अर्को शब्दमा यसले सवाललाई प्रभाव पार्ने सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक आदि कारकहरूलाई समेट्छ ।

मानिसको व्यवहारलाई सन्दर्भले निर्देशित गर्छ भने सन्दर्भलाई परिमार्जन गर्ने क्षमता पनि मानिसमा हुन्छ । स्थानीय सन्दर्भले सवाल, सवालको आकार, सरोकारवाला र जनवकालतको तरिका निर्धारण हुन्छ । यसैले प्रभावकारी जनवकालतका लागि स्थानीय सन्दर्भ र काम गरिरहेको सावलको सम्बन्धको गहिरो बुझाइ आवश्यक छ । जनवकालतको प्रभावकारिता सुनिश्चित गर्नका लागि वकालतकर्ताले उठाउन लागिएको सवालको सन्दर्भ राम्रोसँग बुझ्नु अत्यन्त आवश्यक हुन्छ । सन्दर्भको बुझाइले जनवकालतका चुनौती सामना गर्न उपलब्ध अवसर उपयोग गर्न आवश्यक रणनीति बनाउन मद्दत पुग्छ । यसको अर्थ के पनि हो भने जनवकालतको रणनीति र कार्यक्रम सन्दर्भअनुसार फरक हुन्छ । एउटै रणनीति सबै सन्दर्भमा नमिल्न सक्छ । सवालको सन्दर्भ नबुझी गरिएको वकालतले सवालको गलत व्याख्या, लक्षित समूहसँग असम्बन्धित सन्देश, वा निर्णयकर्ता एवं सरोकारवालासँग अनावश्यक टकराव सिर्जना हुन सक्छ ।

तलका प्रश्नहरूमा विचार गर्दा स्थानीय सन्दर्भलाई राम्रोसँग बुझ्न र शिक्षासम्बन्धी सवालहरूलाई स्पष्ट रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्याउनेछ । यी प्रश्नहरूले अधिकांश सन्दर्भ समेट्न सक्छन्, तर यी नै प्रश्नहरूमा सीमित हुनुपर्दैन । आफ्नो परिवेश अनुसार सन्दर्भलाई थप विचार गर्नुपर्ने हुन सक्छ ।

तलका प्रश्नहरूमा विचार गर्दा स्थानीय सन्दर्भलाई राम्रोसँग बुझ्न र शिक्षासम्बन्धी सवालहरूलाई स्पष्ट रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्याउनेछ । यी प्रश्नहरूले अधिकांश सन्दर्भ समेट्न सक्छन्, तर यी नै प्रश्नहरूमा सीमित हुनुपर्दैन । आफ्नो परिवेश अनुसार सन्दर्भलाई थप विचार गर्नुपर्ने हुन सक्छ ।

**३.१.१. भौगोलिक र वातावरणीय सन्दर्भ**

- हावापानी कस्तो छ ?
- भौगोलिक बनावट कस्तो छ ? विशेषताहरू के के छन् ?
- वन, वनस्पति तथा वन्यजन्तुको अवस्था के कस्ता छन् ?
- भू-उपयोगको अवस्था कस्तो छ?
- प्राकृतिक प्रकोपको जोखिम कस्तो छ ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने भौगोलिक र वातावरणीय पक्षहरू के के छन् ?

**३.१.२. सामाजिक सन्दर्भ**

- जातीय सहित जनसङ्ख्याको बनावट कस्तो छ ?
- सामाजिक संरचना कस्तो छ ? शक्तिशाली को छ ? शक्तिहीन को छ ?
- समाज सञ्चालन कसरी हुन्छ ? समाजको गतिशीलतालाई क-कसले प्रभाव पार्छ ?
- समाजमा परिवर्तन चाहने को छन् ? यथास्थिति चाहने को छन् ?
- सवाललाई असर पार्ने सामाजिक कारकहरू के हुन् ?
- सवालबाट प्रभावित हुने समूह कुन हो ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने सामाजिक पक्षहरू के के छन् ?

### ३.१.३. सांस्कृतिक सन्दर्भ

- सांस्कृतिक विविधता के कसो छ ?
- परम्परा धर्म रीतिरिवाज चालचलन के छन् ? यिनले सवालमा के प्रभाव पार्छन् ?
- भाषागत विविधता के कस्तो छ ?
- सांस्कृतिक कुराले सवालमा के प्रभाव पार्छ ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने सांस्कृतिक पक्षहरू के के छन् ?
- सांस्कृतिक मूल्य, मान्यता, विश्वास, मनोवृत्ति के कस्तो छ ?
- सवाललाई असर पार्ने सांस्कृतिक कारकहरू के हुन् ?

### ३.१.४. राजनीतिक सन्दर्भ

- शक्ति संरचना कस्तो छ ?
- कस्तो प्रकारको राजनीतिक प्रणाली छ ?
- राजनीतिक वातावरण कस्तो छ ?
- सरकारको राजनीतिक प्राथमिकता के हो?
- सवालसँग सम्बन्धित स्थानीय, राष्ट्रिय नीति, नियम, कानून के कस्ता छन् ?
- नीति निर्माण प्रणाली कति खुला छ ? कति जवाफदेही छ ?
- नीति निर्माताहरूको प्राथमिकताहरू के हुन् ?
- मिडिया कति स्वतन्त्र छ ? मिडिया कति उत्तरदायी छ ?
- शिक्षासँग सम्बन्धीत अन्तरराष्ट्रिय प्रतिबद्धताहरू के छन् ?
- शैक्षिक सवाललाई प्रभाव पार्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाहरू र खेलाडीहरू को छन् ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने राजनीतिक पक्षहरू के के छन् ?

### ३.१.५. शासकीय सन्दर्भ

- शासनको स्वरूप कस्तो छ ? (लोकतान्त्रिक पद्धति सरकारहरू कसरी बन्छन् आदि)
- शासकीय अधिकारको बाँडफाँड कस्तो छ ?
- शिक्षा सेवाको संरचना, प्रशासन कस्तो छ ?
- जवाफदेही संयन्त्र र प्रभावकारिता कस्तो छ ?
- शैक्षिक सुशासनको अवस्था कस्तो छ ?
- को कति सार्वजनिक विद्यालयमा जान्छन् ? को कति निजी विद्यालयमा जान्छन् ? किन ?
- सहभागिता र पृष्ठपोषणको अवस्था कस्तो छ ?
- अनिवार्य तथा नि:शुल्क शिक्षाको अवस्था कस्तो छ ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने शासकीय पक्षहरू के के छन् ?

### ३.१.६. आर्थिक सन्दर्भ

- सरकारको हालको खर्चका प्राथमिकताहरू के के हुन् ?
- सवालसंग सम्बन्धित वित्तीय स्रोत के कसो छ ?
- समाजको आर्थिक गतिविधिहरू के के हुन् ?
- जनसमुदायको जीवन यापनको स्रोत के हो ?
- परिवारहरू कस्ता आर्थिक गतिविधिमा संलग्न छन् ? परिवारहरूमा खर्च र बचतको अवस्था के छ ? गरीबी र असमानता कस्तो छ ?
- शिक्षामा कति खर्च गर्छन् ? नि:शुल्क शिक्षाको अवस्था कस्तो छ ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने आर्थिक पक्षहरू के के छन् ?

**३.१.७. ऐतिहासिक सन्दर्भ**

- सम्बन्धित विषयलाई आकार दिने ऐतिहासिक क्रम के हो ?
- शिक्षा सम्बन्धी मुख्य मोडहरू कुन् कुन् हुन् ? (उदाहरणका लागि शिक्षा ऐन कहिले लागु भयो ?, कति पटक संशोधन भयो? केके व्यवस्था थपिए वा हटाइए)
- विगतका अभ्यास के कस्ता छन् ?
- विगतका नीतिगत र कानुनी निर्णयहरू के कस्ता छन् ?
- शिक्षालाई प्रत्यक्ष असर पार्ने ऐतिहासिक पक्षहरू के के छन् ?

## ३.२. सामाजिक संरचना

तर उनीहरूलाई कुनै आधारमा एक ठाउँमा राख्यो भने ढिक्का ढिक्कामा हेर्न सकिन्छ । यी ढिक्काहरू केही ऐतिहासिक छन्, कुनै सामाजिक, कुनै भौगोलिक, कुनै अर्थराजनीतिक (सम्पत्ति र शक्ति)आधारमा त कुनैलाई जन्म र लिङ्गका आधारमा बाँड्न सकिन्छ । कति अवस्थामा यी ढिक्काहरू अनुसार मानिसको स्वभाव फरक हुन्छ वा उनीहरूलाई दिनु पर्ने मद्दत फरक हुन्छ । यस्ता ढिक्काहरू स्थानीयता अनुसारका पनि हुन्छन् । यस्तो ढिक्का बनाउने कामलाई वर्गीकरण गर्ने भनिन्छ । ती ढिक्काहरू (वर्गहरूहरू) एकआपसमा सम्बन्धित हुन्छन् ।

समाजमा स्रोत र शक्ति (वा अर्थराजनीति)का आधारमा हुने वर्गीकरण र ती वर्ग बीचको शक्तिसम्बन्धलाई सामाजिक संरचना भनिन्छ । स्रोत भनेको अर्को शब्दमा सम्पत्ति हो भने शक्तिलाई राज्यमा पहुँच भनेर बुझ्न सजिलो हुन्छ । शक्तिको स्रोत विभिन्न हुन सक्छ । गाउँको पुजारी वा मौलाना परम्पराले शक्तिशाली हुन्छ भने पढाइ पनि शक्तिको स्रोत हो । राज्यको राजनीतिक वा प्रशासनिक पद पनि शक्तिको स्रोत हो, जति माथिल्लो पद त्यति बढी शक्ति । सम्पत्ति भए शक्ति आउँछ भने शक्तिले सम्पत्ति बढाउन मद्दत पुग्छ । त्यसैले यी दुवै एकअर्काका पुरक हुन् । शक्तिशाली वर्गले समाजमा (राज्यमा पनि) निर्णय प्रक्रियालाई प्रभावित गर्छन्/गर्न सक्छन् । स्रोतको परिचालन भनेको आर्थिक र शक्तिको प्राप्ति र उपयोग भनेको राजनीति भनेर बुझिन्छ । यी दुवै बीचको सम्बन्धलाई अर्थराजनीति भनिन्छ ।

सामाजिक संरचनाले अधिकार, सेवा सुविधाबाट वञ्चित कुन समुदाय छ र जनवकालत कसको लागि गर्नुपर्ने छ भन्ने बुझ्न सहज हुन्छ । सामान्यत: कुनै पनि समाजलाई तीन (उच्च, मध्यम र निम्न) वा चार (उच्च, मध्यम, निम्नमध्यम र निम्न) तहको पिरामिडमा हेर्ने प्रचलन छ । कार्यक्षेत्रमा रहेका जाति, समुदायलाई पनि सामाजिक संरचनाको त्रिकोण (पीरामिड)मा राखेर हेर्दा तिनको शक्ति संरचना बुझिन्छ । जनवकालतका लागि यो अभ्यास गर्नु आवश्यक छ ।

# ४
# शिक्षा

## ४.१. शिक्षा भनेको के हो? शिक्षा भन्नाले के बुझ्ने?

शिक्षा भनेको मानिसले जीवनभर सिक्ने ज्ञान, सीप, व्यवहार र मूल्यहरूको संरचित तथा असंरचित प्रक्रिया हो । यसले व्यक्तिको सोच, बानी, संस्कार, र सामाजिक सहभागिता परिवर्तन ल्याउन सक्छ । शिक्षा भन्नाले ज्ञान प्राप्त गर्ने र बाँड्ने प्रक्रिया, सीप र क्षमता विकास गर्ने माध्यम, व्यक्तिलाई सामाजिकीकरणको साधन र सक्षम  नागरिक तयार गर्ने साधन,  व्यक्तिलाई आत्मनिर्भर, सचेत र सक्षम बनाउने आधार हो । शिक्षा केवल विद्यालयमा पढाइने कुरा मात्र नभई जीवनलाई बुझ्ने, अनुभव गर्ने र परिवर्तन गर्ने निरन्तर प्रक्रिया हो।

## ४.२. असल शिक्षा भनेको के हो?

शिक्षा सिक्ने र सिकाउने प्रकिया नै हो तर सिकाउनेभन्दा अझ  सिक्ने प्रकिया हो ।  सिक्नेभन्दा सिकाउने प्रकियामा हामीले धेरै महत्व दिएर नै हाम्रो शिक्षा प्रणाली शिक्षक केन्द्रित  र घोकन्ते भएको हो ।  शिक्षा समाजका असमानता हटाउने साधन र समानताको कारक हुनुपर्ने हो । शिक्षाले केटाकेटीलाई समाजमा के गर्न हुन्छ, के गर्न हुन्न भनेर सिकाउनु पर्छ जसलाई सामाजिकीकरण गर्ने भन्छौं तर यसले एउटा साँचोमा मात्र ढाल्यो भने मानिस सिर्जनात्मक हुँदैन । कतिसम्म तोड्ने र कतिसम्म नतोड्ने भन्ने विवेकको सन्तुलन बनाउन सिक्ने पनि शिक्षाबाट नै हो ।

शिक्षा एक जीवनपर्यन्त चल्ने सिकाइ प्रक्रिया हो जसले व्यक्तिको ज्ञान, सीप, मूल्य, र सिर्जनशीलतालाई विकसित गर्दछ। यो केवल विद्यालय वा किताबसम्म सीमित नभएर समाज, अनुभव र व्यवहार मार्फत पनि हुने गर्छ । कुनै पनि व्यक्तिको समग्र विकासमा योगदान पुऱ्याउँछ भने मात्र शिक्षालाई राम्रो शिक्षा मान्न सकिन्छ । विभिन्न मानिसहरू र संस्कृतिहरूले फरकफरक पक्षहरूलाई महत्त्व दिन सक्छन्, राम्रो शिक्षाले ती सबै विविधतालाई सम्बोधन गर्छ र सजिलैसँग स्थानीय सन्दर्भमा मेल खान्छ । असल शिक्षाले आफ्नो सन्दर्भमा विचार गर्न सक्ने बनाउनु पर्छ । शिक्षाले समाजमा रहेको विभेद घटाउन र समानता बढाउन योगदान दिनुपर्छ ।
त्यसैले राम्रो शिक्षाको महत्त्वलाई जोड दिनका लागि एकरूप तर लचिलो सिकाउने विधिहरू समावेश गर्नुपर्छ जसले विद्यार्थीहरूको विविध आवश्यकतालाई सम्बोधन गर्न सकोस् । शिक्षा सन्तुलित र समावेशी हुनुपर्छ । अभिभावकहरूको साथ र समर्थन आफ्नो बच्चाको सफलताका लागि अत्यन्त महत्वपूर्ण हुन्छ ।मानिसलाई शिक्षाले जीविकाका लागि समेत स्वतन्त्र भएर बाँच्ने सीप दिनुपर्छ । महत्व र अर्थ उपार्जनका दृष्टिकोणले  यस विषयका एक विचारकर्ता ज्याक्स् डेलर्सले सिकाइका ४ खम्बा हुन्छन् भनेका छन् :

- जान्नका लागि सिकाइ
- गर्नका लागि सिकाइ
- आत्मज्ञानका लागि सिकाइ
- सहअस्तित्वका लागि सिकाइ
- अहिलेको समयलाई ख्याल गर्दा यसमा एक बुँदा थप्नु पर्ने देखिन्छ ।
- सिक्नका लागि सिकाइ

**असल शिक्षा सम्बन्धी QR लिंक**

## ४.३. शिक्षा सेवाको वर्तमान अवस्था

### ४.३.१. अवस्था मापन र सूचकहरू

शिक्षा सेवा प्रवाहको मूल्याङ्कन विभिन्न दृष्टिकोणहरूबाट गर्न सकिन्छ । जस्तै विद्यार्थीको सिकाइ उपलब्धि, विद्यालयको पूर्वाधार र सेवा, शिक्षामा सुशासन र जवाफदेहिता, शिक्षा योजना र नीतिहरू, विद्यालय संख्या र त्यसको वितरण लगायतका पक्षहरूबाट गुणात्मक र परिमाणात्मक सूचकहरूको मिश्रण प्रयोग गरेर गर्न सकिन्छ ।

शिक्षा सेवा मापन गर्न प्रयोग गरिने केही विश्वव्यापी रूपमा प्रचलित सूचकहरूका उदाहरणहरू निम्न छन्:

#### ४.३.१.१ पहिलो सतह

**(क) परिणाममा आधारित**

- राष्ट्रिय परीक्षामा उत्तीर्ण दर
- विद्यार्थीको उत्साह र आत्म विश्वास
- विद्यालयमा उपस्थिति
- स्थानीय तहलाई पेश गरिएका नागरिक समाजका प्रतिवेदनहरूको संख्या
- नेतृत्व तहमा रहेका महिला शिक्षकहरूको प्रतिशत
- लैङ्गक आधारमा छुट्टिएका शौचालयहरूको उपलब्धता
- विद्यार्थी भर्नादर (%)
- शिक्षक -विद्यार्थी अनुपात (जस्तैः १:३०)
- विद्यालय छोड्ने दर (% विद्यार्थीहरूले तह पूरा नगरी छाड्ने दर)
- सार्वजनिक सुनुवाईको संख्या
- दर्ता गरिएका गुनासोहरूको संख्या र समाधान भएको संख्या
- विद्यालय व्यवस्थापन समितिको बैठकमा सहभागी दर
- अपाङ्गता भएका विद्यार्थीहरूको विद्यालय सहभागिता दर

**(ख) लगानीमा आधारित**

- सीमान्तकृत समुदायका विद्यार्थीलाई दिइएका छात्रवृत्तिको संख्या र मात्रा
- लैङ्गिक आधारमा छुट्टिएका शौचालयहरूको उपलब्धता
- शिक्षा क्षेत्रमा वार्षिक बजेट विनियोजनको प्रतिशत
- अभिभावकको संलग्नता
- स्थानीय र राष्ट्रिय दुवै तहमा शिक्षाका नीति नियम र कानूनी अवस्था
- शिक्षकको उत्तरदायित्व र गुणस्तर
- शिक्षाका अन्य सेवा प्रदायकको जवाफदेही
- शिक्षण सिकाइ सामग्री र पद्धति

#### ४.३.१.२ दोस्रो सतह

शिक्षा सेवा प्रवाहको मूल्याङ्कन त्यस्ता सूचकहरूबाट पनि गर्न सकिन्छ जसले शिक्षाको दीर्घकालीन प्रभाव देखाउँछन्, जस्तै:

- रोजगारी
- समावेशीकरण र तिनको सार्वजनिक जीवनमा सहभागिता
- आफू बसेको गाउँ/ठाउँको वातावरण
- समाजमा सामाजिक न्याय, शान्ति र मेलमिलापको अवस्था

#### ४.३.१.३ तेस्रो सतह

- नागरिकको स्वास्थ्यको अवस्था
- मानसिक स्वास्थ्य (सामाजिक र भावनात्मक अवस्था)
- नागरिक र राज्यले हासिल गरेका उच्चतम उपलब्धिहरू (वैज्ञानिक खोज, साहित्य वा रचनात्मक उपलब्धि)

शिक्षा एक जटिल र सन्दर्भमा आधारित प्रक्रिया हो । माथि उल्लेख गरिएका सूचकहरू महत्त्वपूर्ण भए पनि ती मात्रको आधारमा विद्यालयको वातावरण र समुदायको वास्तविकता तथा जटिलताहरूलाई समेट्न सकिँदैन । त्यसैले मूल्याङ्कन गर्दा समुदायका सूक्ष्म पक्षहरू, जटिल सम्बन्धहरू र स्थानीय सन्दर्भहरूलाई पनि विचार गर्नु अत्यन्त आवश्यक हुन्छ ।

उदाहरणका लागि, परीक्षाको नतिजाका आधारमा विद्यालयको गुणस्तर वा कार्यसम्पादन मूल्याङ्कन गर्न उपयुक्त सूचक नहुन सक्छ । यस्ता नतिजाहरूले विद्यार्थीको सुधारात्मक उपलब्धिलाई बेवास्ता गर्छन्, समुदायको सन्दर्भलाई विचार गर्दैनन् र प्रायः सुविधासम्पन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई प्राथमिकता दिने पूर्वाग्रह झल्काउँछन् । कुनै विद्यालयले त्यहाँ पढ्ने विद्यार्थीहरू सम्पन्न समुदायबाट आएका र विभिन्न अवसरहरूको पहुँच पाएका हुनाले उत्कृष्ट परीक्षा नतिजा देखाउन सक्छ । त्यसको विपरीत, सीमान्तकृत समुदायका बालबालिकासँग काम गरिरहेका विद्यालयहरूले यस्ता नतिजा देखाउन नसक्ने सम्भावना धेरै हुन्छ तर त्यसले विद्यालयको वास्तविक प्रयास र गुणस्तरको पूर्ण मूल्याङ्कन गर्दैन । ती विद्यालयले बालबालिकाको सिकाइ र अन्य पक्षमा प्रसस्त सुधार गरे पनि त्यो सिकाइ सुधारको होइन कति जानेको छ भन्ने परीक्षणको तरिकाले गर्दा नतिजामा प्रतिबिम्बित नहुन सक्छ ।

## ४.४. शिक्षामा अलमलिन सक्ने धारणाहरू

शिक्षा सिक्ने र सिकाउने प्रकिया नै हो तर सिकाउनेभन्दा अझ  सिक्ने प्रकिया हो ।  सिक्नेभन्दा सिकाउने प्रकियामा हामीले धेरै महत्व दिएर नै हाम्रो शिक्षा प्रणाली शिक्षक केन्द्रित  र घोकन्ते भएको हो ।  शिक्षा समाजका असमानता हटाउने साधन र समानताको कारक हुनुपर्ने हो । शिक्षाले केटाकेटीलाई समाजमा के गर्न हुन्छ, के गर्न हुन्न भनेर सिकाउनु पर्छ जसलाई सामाजिकीकरण गर्ने भन्छौं तर यसले एउटा साँचोमा मात्र ढाल्यो भने मानिस सिर्जनात्मक हुँदैन । कतिसम्म तोड्ने र कतिसम्म नतोड्ने भन्ने विवेकको सन्तुलन बनाउन सिक्ने पनि शिक्षाबाट नै हो ।

शिक्षा एक जीवनपर्यन्त चल्ने सिकाइ प्रक्रिया हो जसले व्यक्तिको ज्ञान, सीप, मूल्य, र सिर्जनशीलतालाई विकसित गर्दछ। यो केवल विद्यालय वा किताबसम्म सीमित नभएर समाज, अनुभव र व्यवहार मार्फत पनि हुने गर्छ । कुनै पनि व्यक्तिको समग्र विकासमा योगदान पुर्‍याउँछ भने मात्र शिक्षालाई राम्रो शिक्षा मान्न सकिन्छ । विभिन्न मानिसहरू र संस्कृतिहरूले फरकफरक पक्षहरूलाई महत्त्व दिन सक्छन्, राम्रो शिक्षाले ती सबै विविधतालाई सम्बोधन गर्छ र सजिलैसँग स्थानीय सन्दर्भमा मेल खान्छ । असल शिक्षाले आफ्नो सन्दर्भमा विचार गर्न सक्ने बनाउनु पर्छ । शिक्षाले समाजमा रहेको विभेद घटाउन र समानता बढाउन योगदान दिनुपर्छ ।
त्यसैले राम्रो शिक्षाको महत्त्वलाई जोड दिनका लागि एकरूप तर लचिलो सिकाउने विधिहरू समावेश गर्नुपर्छ जसले विद्यार्थीहरूको विविध आवश्यकतालाई सम्बोधन गर्न सकोस् । शिक्षा सन्तुलित र समावेशी हुनुपर्छ । अभिभावकहरूको साथ र समर्थन आफ्नो बच्चाको सफलताका लागि अत्यन्त महत्वपूर्ण हुन्छ ।

मानिसलाई शिक्षाले जीविकाका लागि समेत स्वतन्त्र भएर बाँच्ने सीप दिनुपर्छ । महत्व र अर्थ उपार्जनका दृष्टिकोणले यस विषयका एक विचारकर्ता ज्याक्स् डेलर्सले सिकाइका ४ खम्बा हुन्छन् भनेका छन् :

## (क) शिक्षा सधैं राम्रो हुन्छ ?

शिक्षा सधैं राम्रो हुन्छ भन्ने मान्यता सधैं सत्य हुँदैन। शिक्षाले समाजका सबै विसंगति र विभेदहरू समाधान गर्छ भन्ने अपेक्षा गरिन्छ तर व्यवहारमा शिक्षाले कहिलेकाही यी समस्याहरू झनै ठूलो पार्न सक्छ र पारेको पनि पाइन्छ । शिक्षा प्रणालीले बहुभाषिकता र सांस्कृतिक विविधतालाई नदेखाउने वा दबाउने प्रयास गर्न सक्छ जसले आदिवासी जनजातिको भाषा, इतिहास र संस्कृति दबाउन सक्छ । यसका उदाहरणहरू हामी विश्वभरि र नेपालमै पनि पाउन सक्छौं । साथै, लैङ्गिक वैधता प्रदान गर्ने  वा अझै सुदृढ गर्ने र कतिपय अवस्थामा विशिष्ट नैतिक मूल्यहरू थोपर्ने कार्यसमेत शिक्षामार्फत हुन सक्छ । शिक्षाले व्यक्तिलाई सत्ताको अनुगामी वा अन्धअनुयायी बनाउने खतरासमेत रहन्छ  जसको उदाहरण संकीर्ण राष्ट्रवादको प्रवर्द्धनमा देखिन्छ ।

शिक्षाले अनावश्यक तनाव सिर्जना गर्न सक्छ, मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । हाम्रो शिक्षा प्रणालीबाट उत्पन्न दबाब सहन नसकेर विद्यार्थीहरूले आत्महत्या गरेका धेरै उदाहरणहरू छन् । हाम्रो शिक्षा प्रणालीले विद्यार्थीहरूमा सिर्जनशीलता, आलोचनात्मक सोच र आत्मविश्वास घटाउन योगदान दिएको पनि विचारधारा छ । शिक्षाले समाजमा रहेको विभेद घटाउन र समानता बढाउन योगदान दिनुपर्छ तर शिक्षाले समाजमा विभेद र असमानता बढाउन सक्छ । शिक्षाका बारेमा विचार गर्दा यसले विभेद घटाउन र समानता बढाउन योगदन दिएको छ कि त्यस विपरीत भइरहेको छ भनेर पनि विचार गर्नुपर्छ ।

## (ख) शिक्षामा एकरूपता महत्त्वपूर्ण छ ?

सबै विद्यार्थीले एकै तरिकाले सिक्नुपर्छ/सिक्छन्, उही पाठ्यक्रम पढ्नुपर्छ, एउटै पोशाक लगाउनु पर्छ, एउटै गतिमा अगाडि बढ्नुपर्छ भन्ने धारणा धेरैमा छ तर वास्तवमा, प्रत्येक बच्चाको सिकाइको शैली क्षमता, रुचि र गति फरक हुन्छ । एकरूपताले रचनात्मकता र व्यक्तिगत विकासलाई बाधा पुऱ्याउँछ। शिक्षाको एकरूपताले पहिल्यै सीमान्तिकृत वर्गमा पर्ने विद्यार्थीहरूलाई अझ बढी पछाडि पार्ने काम गर्छ । शिक्षा लचिलो र विविधतामा आधारित हुनुपर्छ ।

केही मानिसहरूका लागि विभिन्न जाति, भाषा, संस्कृति र क्षमताहरू भएका विद्यार्थीहरू एकै कक्षामा पढ्दा शिक्षामा बाधा आउँछ तर विविधताले सिकाइलाई समृद्ध बनाउँछ । विविध समूहका बालबालिकाका लागि शिक्षण शैली पनि विविध हुनुपर्छ र यो विद्यालयका लागि थप चुनौनौती हुन सक्छ । विभिन्न विचार, अनुभव र दृष्टिकोणले विद्यार्थीहरूलाई अधिक सहिष्णु र रचनात्मक बनाउँछ । विविधतालाई शक्तिको रूपमा लिनुपर्छ । यसले सिकाइलाई बहुआयामी, समावेशी र समृद्ध बनाउँछ  ।

## (ग) पाठ्यक्रम उपयुक्त नभएर हाम्रो शिक्षा बिग्रेको हो ?

हाम्रो पाठ्यक्रम राम्रो छैन भन्ने भनाइलाई धेरै शिक्षक, विद्यालयहरू र स्थानीय सरकारका इकाइहरूले आफूले दायित्व पूरापूरा नगरेको कारणले भएको न्युन उपलब्धिब्धिको बहानाका रूपमा प्रयोग गर्ने गर्छन् । यसलाई शिक्षाको खस्किँदो गुणस्तर र विद्यालयहरूले सीपयुक्त विद्यार्थी उत्पादन गर्न नसक्नुको कारणसँग जोडिन्छ । हाम्रो शिक्षा बिग्रेको पाठ्यक्रम राम्रो नभएर होइन भएको पाठ्यक्रमको उपयुक्त कार्यान्वयन नभएर हो । शिक्षण विधि, शिक्षकको गुणस्तर र मूल्याङ्कन पद्धतिपद्धतिको विचार नगरी पाठ्यक्रमलाई दोष दिने भाष्य स्थापित छ ।

## (घ) पाठ्यपुस्तक र पाठ्यक्रम एउटै कुरा हो ?

धेरैजसो शिक्षक र शिक्षामा जोडिनुभएका व्यक्तिहरूहरू  पाठ्यपुस्तक र पाठ्यक्रमबीचको भिन्नताको बारेमा भ्रमित हुन्छन्  । धेरै अभिभावक र शिक्षकहरू पाठ्यपुस्तकको समस्यालाई लिएर, पाठ्यक्रम अपर्याप्त, अनुपयोगी वा अत्यधिक भारित भएको भनेर दोदोष दिन्छन् ् । धेरैजसो पाठ्यपुस्तकले अनावश्यक एकरूपता ल्याउछ तर पाठ्यक्रमले विविधताका लागि ठाउँ छोड्छ  ।
पाठ्यपुस्तक र पाठ्यक्रमको भिन्नता बुझ्नु आवश्यक छ। शिक्षकहरूहरूले पाठ्यपुस्तकको अभावमा पनि पढाइलाई निरन्तरता दिन सकिन्छ ।

## (ङ) शिक्षकको काम कक्षामा पाठ्यपुस्तक पढाउनु मात्र हो ?

शिक्षकको काम केवल कक्षामा पाठ पढाउनु मात्र हो भन्ने सीमित सोच अझै पनि व्यापक रूपमा पाइन्छ । शिक्षकले आफैँ उदाहरणीय बानी व्यवहार प्रस्तुत गर्दै विद्यार्थीका लागि एक प्रेरणादायी मोडेल बन्नु आवश्यक छ । उनीहरूले केवल ज्ञान दिने होइन, विद्यार्थीलाई उत्प्रेरित गर्ने, उनीहरूको जिज्ञासा बढाउने र उनीहरूको व्यक्तिगत तथा शैक्षिक विकासमा मार्गदर्शन गर्ने काम समेत गर्छन् । यस अर्थमा, शिक्षकले मेन्टरको रूपमा पनि काम गर्नुपर्दछ जहाँ उनीहरू विद्यार्थीको क्षमता र सम्भावनालाई पहिचान गर्दै सहयोग पुऱ्याउँछन् । त्यसैगरी, परम्परागत अध्यापन शैलीभन्दा बाहिर निस्केर, शिक्षकले आफूलाई एक सहजकर्ताको भूमिका पनि खेल्नुपर्दछ जहाँ सिकाइ एकपक्षीय होइन, सहभागितामूलक, संवादात्मक र खोजीमूलक प्रक्रियाबाट अघि बढ्छ ।

## (च) उच्च अङ्क प्राप्त गर्नु भनेको नै सफलता हो ?

समाजका लागि परीक्षामा ९०% वा A+ ल्याउने मात्र सफल मानिन्छ । सफलताको परिभाषा व्यापक छ । कौशल, चरित्र, रचनात्मकता र व्यावहारिक ज्ञान पनि उत्तिकै महत्त्वपूर्ण छन् । धेरै प्रतिभाशाली व्यक्तिहरू औपचारिक शिक्षामा उत्कृष्ट नभए पनि सफल छन् । परीक्षामा मात्र ध्यान दिँदा जीवनका अन्य महत्त्वपूर्ण क्षमताहरू (जस्तै सिर्जनशीलता, नेतृत्व, सञ्चार) लाई बेवास्ता गरिन्छ । सफलता केवल अंकमा नभएर व्यावहारिक ज्ञान र क्षमतामा हुन्छ ।

## (छ) विद्यार्थी अनुतीर्ण हुनुमा विद्यार्थी कै दोष छ ?

यदि विद्यार्थीले राम्रो गर्न सकेन भने समाजले तुरुन्तै विद्यार्थीलाई दोषी ठहऱ्याउँछ । वास्तवमा यसको लागि शिक्षकको भूमिका, शैक्षिक वातावरण, अभिभावकको सहयोग र आर्थिक अवस्था पनि जिम्मेवार हुन सक्छन् । विद्यार्थी मात्र दोषी होइन, पूर्ण शिक्षा प्रणाली जिम्मेवार हुनुपर्छ ।

## (ज) गुणस्तर भनेकै अङ्ग्रेजीमा दख्खल हो ?

गुणस्तरीय शिक्षा भनेको अङ्ग्रेजी माध्यमको शिक्षालाई मानिन्छ । राम्ररी अङ्ग्रेजी बोल्न सक्ने क्षमतालाई सफल र सभ्य व्यक्तित्वको संकेतको रूपमा लिइन्छ तर अङ्ग्रेजी एउटा भाषा मात्र हो, जसरी नेपाली वा मैथिली जस्तै । अङ्ग्रेजीको दख्खलले बढी अवसर पाए पनि अन्य ज्ञान र क्षमता नभई भाषाको दख्खलले मात्र केही उपलब्धि हासिल हुँदैन ।

## (झ) जति ठूला कक्षा त्यति महत्वपूर्ण शिक्षा ?

उच्च कक्षाका शिक्षकहरूको भूमिका साना बालबालिकालाई पढाउने शिक्षकभन्दा महत्वपूर्ण हुन्छ भन्ने धारणा समाजमा प्रचलित छ । हाम्रो शिक्षा प्रणालीमा बालविकासदेखि माथिल्लो तहसम्म पढाउने शिक्षकहरू बीच स्पष्ट रूपमा पदानुक्रम (hierarchy) कायम गरिएको देखिन्छ । माथिल्लो कक्षामा अध्यापन गराउने शिक्षकलाई धेरै तलब दिइनु र बालविकास तहका शिक्षकलाई शिक्षकको समेत मान्यता नदिइनु यस्तै विचारधाराको परिणाम मान्न सकिन्छ । तर प्रारम्भिम्भिक तहको सिकाइ गुणस्तरीय भएन भने विद्यार्थीहरूले शिक्षामा आधारभूत सीप विकास गर्न सक्दैनन् र माथिल्ला कक्षामा उनीहरूको सिकाइ पनि कमजोर हुन्छ । एसइइइइको नतिजा कमजोर हुनुको मुख्य कारणहरू मध्ये यो सोचाइ पनि पर्दछ ।

## (ञ) शिक्षा निःशुल्क भए सबै कुरा राम्रो हुन्छ ?

हाम्रो विद्यालयको गुणस्तर खस्किनुमा अनिवार्य नि:शुल्क शिक्षा पनि एक कारण हो । सरकारले अत्यावश्यक स्रोस्रोत उपलब्ध गराएको छैन, अनि शुल्क उठाउन प्रतिबबन्द लगाएको छ । सामाजिक न्यायका हिसावमा सक्नेसँग लिने र नसक्नेलाई थप सहयोग गर्ने रणनीति अपनाउनु उचित हुन्छ । सरकारले आवश्यक पर्ने विद्यार्थीलाई उपयुक्त छात्रवृति नदिनाले स्रोतको असल उपयोग गर्न सकेको छैन ।

अझै धेरै स्थानीय सरकारले एकै विद्यालयमा शुल्क उठाउने व्यवस्था र नि:शुल्क व्यवस्था स्थापना गरेर दुई व्यवस्था गरेर एउटै विद्यालयका विद्यार्थीबीच पनि विभेदलाई प्रोत्साहन गरिएको पाइन्छ । निजी विद्यालयको नक्कल गर्दै शुल्क तिर्ने विद्यार्थीलाई एक थरि सुविधा प्रदान गर्ने र नि:शुल्क पढ्ने विद्यार्थीलाई ती सुविधाबाट वञ्चित गर्ने गरेको देखिन्छ । यो त झन् ठूलो विभेद र अन्याय भयो । निजी विद्यालयले सिर्जना गरेको विभेदभन्दा पनि धेरै खराब हो ।

## (ट) अभिभावक जागरूक छैनन् ?

अभिभावकहरूले जान्दैनन् ! सीमान्तकृत समुदाय (जस्तै मुसहर, दलित, आदिवासी) "अज्ञानी" र शिक्षाको महत्त्व नबुझेका कारण आफ्ना सन्तानलाई स्कूल पठाउन चाहँदैनन् भन्ने भ्रम धेरैमा छ । तर वास्तविकतामा, यी समुदायका अभिभावकहरूले आफ्ना बच्चाहरूलाई स्कूल नपठाउनुका पछि गहिरा सामाजिक-आर्थिक र संरचनात्मक कारणहरू छन् । स्कूलहरूमा सीमान्तकृत समुदायका बच्चाहरूलाई जातीय, सामाजिक र आर्थिक आधारमा गरिने विभेद, अपमान तथा शिक्षाबाट हुने भनिएको दीर्घकालीन लाभ (शिक्षा)भन्दा अल्पकालीन आय (बालश्रम) उनीहरूको बाध्यता तथा प्राथमिकता हुनु, स्कूली पाठ्यक्रमले उनीहरूको जीवनशैली, भाषा र आवश्यकतासँग सम्बन्ध नराख्ने जस्ता कारणहरूले गर्दा सीमान्तकृत समुदायहरूका लागि शिक्षा अव्यवहारिक भएको प्रमाण हो । विद्यालयहरूले अभिभावकलाई पन्छाउन चाहन्छन् र विद्यार्थीले राम्रो गर्न नसक्नु आफ्नो भन्दा पनि अभिभावकका कारण हो भन्ने धारणा राख्दछन् ।

## (ठ) सबै सार्वजनिक विद्यालय भन्दा सबै निजी विद्यालय राम्रा हुन्छन् ?

नेपालको शिक्षा प्रणालीमा एक आम धारणा बनिरहेको छ सबै सार्वजनिक विद्यालयहरूभन्दा निजी विद्यालयहरू राम्रा हुन्छन् । यसको आधार प्रायः अङ्ग्रेजी भाषामा दखललाई गुणस्तरको सूचक मान्ने सोचमा राखिन्छ । केही सफल निजी विद्यालयहरूको उत्कृष्ट नतिजाका आधारमा सबै निजी विद्यालयहरू उत्कृष्ट छन् भन्ने धारणा फैलिएको छ । तर यस्तो सोचले गुणस्तरको गहिरो मूल्यांकन होइन, केवल परीक्षामा आएका नतिजालाई मात्र मापनको मापदण्ड बनाउँछ। वास्तवमा, ती नतिजा धेरै अभ्यास, दोहोऱ्याएर पढाइ, वा अध्ययनमा दिइएको अतिरिक्त समयका कारण आएको हुन सक्छ जसले सिकाइको वास्तविक गुणस्तर देखाउँदैन । साथै, समाजमा एउटा यस्तो सोच पनि बलियो बन्दै गइरहेको छ कि जति धेरै शुल्क तिर्न सकिन्छ, त्यति नै राम्रो शिक्षा प्राप्त हुन्छ । जसले शिक्षा क्षेत्रलाई अझ बढी व्यापारिक बनाउने जोखिम पैदा गरेको छ ।

## (ड) विकास भनेको नै पूर्वाधार हो ?

धेरैको विचारमा राम्रो भवन, कम्प्युटर, ल्याब र फर्निचर भएमा मात्र शिक्षा राम्रो हुन्छ । स्कूलको भवन, कक्षा, र सामग्री मात्रै शिक्षाको विकास होइन । वास्तविक विकास भनेको गुणस्तरीय शिक्षक, राम्रो शिक्षण विधि, र विद्यार्थीको सिकाइ प्रक्रियामा सुधार हो । भौतिक सुविधा महत्त्वपूर्ण छ, तर शिक्षकको गुणस्तर, विद्यार्थी-शिक्षक सम्बन्ध र सिकाइको वातावरण अझ महत्त्वपूर्ण छन् ।

# ५

# शिक्षा र सवालहरू

## ५.१. समस्या र सवाल

नेपालको शिक्षा क्षेत्रमा धेरै चुनौतीहरू छन् । यी चुनौतीहरूलाई बुझ्नका लागि "समस्या " र "सवाल" बीचको भिन्नता प्रष्ट गर्नु जरुरी हुन्छ । एकल वा सिमित दायरामा केही काम गर्न वा परिणाम पाउन हुने अवरोध वा कठिनाइ समस्या हो । समस्याको तत्काल समाधान खोज्न सकिन्छ । उदाहरणका लागि कुनै विद्यालयमा विद्यार्थीहरूले पाठ्यपुस्तक समयमा नपाउनु एक समस्या हो । यो स्पष्ट छ र समाधान पनि छ सहज छ-पाठ्यपुस्तक समयमै वितरण गर्ने तर सवाल फराकिलो दायरामा रहेका धेरै व्यक्ति वा समुदायलाई प्रभाव पर्ने समस्यालाई मुद्दा वा सवाल भनेर बुझिन्छ । सवाल परम्परा वा नीति नियम वा सामाजिक वा राज्य संरचनाको कारणले सिर्जना भएको हुन्छ । जति धेरैलाई त्यो सवालले प्रभाव पार्छ त्यो सवाल त्यति ठूलो हुन्छ । सवालको आकार अनुसार समाधानको रणनीति बनाउनु पर्दछ । उदाहरणका लागि शिक्षामा समान पहुँच भन्ने कुरा एउटा ठूलो सवाल हो । यसभित्र पाठ्यपुस्तक समयमा नपुग्नु मात्र होइन, शिक्षकको कमी, विद्यालयमा उपलब्ध पूर्वाधार, गरिबीका कारण बालबालिकाले पढ्न नसक्ने अवस्था, अपाङ्गता  भएका विद्यार्थीका लागि सहज पहुँच नहुनु जस्ता धेरै समस्या पर्छन् तर मधेशमा पालिकाहरूले शिक्षकलाई समयमा तलब नदिनु त्यति धेरै जेलिएको सवाल होइन ।

त्यसैले सबै सवाल  समस्या हुन् किनभने सवाल नै ठूलो र फराकिलो दायरा र संरचनागत कारणले उत्पन्न भएको समस्या हो । विद्यार्थीहरूले गुणस्तरीय शिक्षा नपाउने समस्या सवाल हो । यो समस्या फराकिलो र व्यापक दायरामा छ र यो राज्यको नीति र संरचनाका कारणले भएको समस्या हो तर सबै समस्या सवाल होइनन्  किनभने समस्याले  थोरै व्यक्तिलाई र सीमित दायरामा प्रभाव पार्ने हुन्छ । उदाहरणका लागि कुनै विद्यालयमा प्रिन्टर बिग्रिनु वा बिजुलीको लाइन बिग्रिनु समस्या हो । यसले एउटा विद्यालयमा मात्र (सीमित दायरामा) तत्काल प्रभाव पार्छ र यो राज्यको संरचनागत कारणले उत्पन्न भएको समस्या होइन ।

## ५ .२. सवाल के हो ?

सवाल भन्नाले कुनै समुदाय, समूह वा नागरिकहरूले भोगिरहेको साझा समस्या हो, जुन एक व्यक्तिको मात्र नभई धेरै मानिसको वा समुदायको साझा अनुभवबाट उत्पन्न हुन्छ । जनवकालतको सवाल भनेको दीर्घकालीन, सामूहिक, प्रमाणमा आधारित, र संरचनात्मक वा नीतिगत सुधार आवश्यक हुने विषय हो । यस्ता समस्या केवल सतही असरमा होइन, मूल कारणमा आधारित हुनुपर्छ । कुनै सवाललाई पुष्टि गर्न तथ्य, अनुभव, सर्वेक्षण वा अन्य प्रमाण आवश्यक हुन्छ केवल व्यक्तिगत अनुभवका आधारमा सवाल मान्न सकिँदैन । सवाल उठाउँदा जिम्मेवार निकाय वा व्यक्तिहरू अर्थात् कर्तव्यवाहकलाई स्पष्ट रूपमा पहिचान गर्नुपर्छ । समाधान माग गर्दा लक्षित समूह (हकवाला वा अधिकारवाहक)लाई केन्द्रमा राख्नुपर्छ । साथै उठाइएको सवाल सरल, समावेशी, वर्तमान परिस्थितिमा सान्दर्भिक र समाधान गर्न सकिने हुनुपर्छ । अन्ततः नीति निर्माण, बजेट निर्माण वा निर्वाचनको समयमा उठाइने सवाल बढी प्रभावकारी बन्न सक्छ । परम्परा वा सामाजिक राजनीतिक संरचनाले सवालहरूलाई आश्रय दिएका हुन्छन् । सामाजिक संरचनाले स्रोत र अवसरको पहुँचमा असमानता पैदा गरिरहेको हुन्छ । त्यस्तै राजनीतिक संरचनाले नीतिगत निर्णयमा शक्ति सम्बन्ध र शासन प्रणालीका कारण समस्या सिर्जना भएको हुन्छ । यस्ता सवाल समाधान गर्न केवल सेवा वा राहत पर्याप्त हुँदैन बरु नीतिगत सुधार, सामाजिक रूपान्तरण र अधिकारमा आधारित दृष्टिकोण आवश्यक हुन्छ ।

### ५.२.१ सवालका विशेषता:

- **साझा समस्या:** समस्या केवल व्यक्तिगत नभएर धेरै व्यक्तिहर वा समुदायले भोगिरहेका हुन्छन् । उदाहरण: विद्यालयमा गणित शिक्षक नहुनु धेरै विद्यार्थी र अभिभावकको साझा चिन्ता हो ।
- **समस्याको साझा स्रोत:** समस्याको मुख्य कारण पहिचान गरिन्छ । उदाहरण: शिक्षक अभावको कारण शिक्षक दरबन्दी नहुनु वा नीति कार्यान्वयनमा कमजोरी हुनु ।
- **समस्याको साझा समाधान:** समाधान यस्तो हुनुपर्छ जसले व्यक्तिगत समाधान नभई नीतिगत र प्रणालीगत समाधान गरेर धेरैलाई फाइदा पुऱ्याओस् । उदाहरण: शिक्षक दरबन्दी स्वीकृत गर्न पालिकालाई दबाब दिने ।
- **सवालहरूको पहिचान प्रभाव मा होइन, कारणमा आधारित हुनुपर्छ:** जनवकालतको सवालले असर होइन, समस्याको गहिरो कारण समेट्नु पर्छ । उदाहरण: 'विद्यार्थी कमजोर छन्' भन्नुको सट्टा 'शिक्षक छैनन् त्यसैले सिकाइ कमजोर छ' भन्दा बढी प्रभावकारी हुन्छ ।

## ५.३. सवाल के होइन ?

- व्यक्तिगत तहमा परेको समस्या, जनवकालतको सवाल होइन । उदाहरणका लागि विद्यालयको एक शिक्षक समयमै कक्षा लिन नआउनु वा विद्यार्थीले शुल्क तिर्न नसक्नु जसलाई सामूहिक अनुभवका आधारमा मात्र जनवकालतको सवालमा परिणत गर्न सकिन्छ ।
- तथ्यहीन अनुभव वा गुनासो पनि सवाल होइन । जस्तै, “मधेश प्रदेशका सबै सरकारी विद्यालयहरू कमजोर छन्” वा “कर्णालीका शिक्षकहरू पढाउँदैनन्” भन्ने कुरा कुनै तथ्य, अध्ययन वा प्रमाण बिना गरिएको आरोप मात्र हो, त्यसैले यसलाई सवाल मान्न सकिँदैन ।
- तत्काल देखिने समस्या वा असरको कारण कानूनी संरचना वा नीतिगत व्यवस्था वा संरचनागत नभएमा त्यो सवाल हुँदैन । उदाहरणका लागि कर्णालीमा एक हप्तासम्म भारी वर्षाका कारण विद्यालय बन्द हुनु, स्थानीय उत्सवका दिन यातायात अवरोध भएर विद्यार्थी ढिलो विद्यालय पुग्नु तत्कालीन असर मात्र हो, दीर्घकालीन नीति वा संरचना सुधारसँग प्रत्यक्ष सम्बन्धित समस्या होइन ।

## ५.४. सवालको प्राथमिकीकरण

### ५.४.१. प्राथमिकीकरण किन ?

हामीलाई असल र खराब छुट्ट्याउन त्यति गाह्रो पर्दैन जति असल मध्येको असल र खराब मध्येको खराब छुट्ट्याउन गाह्रो पर्छ । यो अप्ठेरो हामीलाई हरेक दिन आइपर्छ । समयलाई स्रोत अर्थात लगानी र गैर मौद्रिक लाभलाई फाइदा मान्नु पर्ने हुँदा यो अझ पेचिलो हुन्छ । प्राथमिकीकरणको यो विधि ५ वटा मध्ये कुन अन्न वा फलफूल लगाउने भन्न पनि गर्न सकिन्छ ।

हाम्रो सार्वजनिक नेतृत्व लिएको समूहको नियत र नियति मात्र भन्दा क्षमतामा कमी पनि हाम्रो दुर्दशाको कारण देखिन्छ । ज्ञान र जनप्रियताको सम्मिश्रित रुपबाट चल्दै गरेको हाम्रो व्यवस्थामा नेतृत्वमा क्षमताको अभाव मुख्य कारणहरू मध्ये एउटा हो । तीमध्ये नेतृत्व लिने समूहमा उच्च पदमा पुग्नेहरूले प्राथमिकीकरणको सीपको अभावमा पदमा पुगेपछि कुन कामलाई महत्त्व दिने र कुनलाई महत्व नदिने भनेर छुट्ट्याउन नसकेको देखिन्छ ।

जुनसुकै विषयको सूची निर्माण भएपछि मात्र प्राथमिकीकरण गर्न सकिन्छ । सूची तयार भएपछि त्यसलाई हामी विभिन्न प्राथमिकीकरणका चाल्नीमा हाल्छौ । ती चाल्नीहरू प्रयोग गर्ने तरिका नै प्राथमिकीकरणका विधि हुन् । यहाँ प्राथमिकीकरणका मुख्य विधिहरू उदाहरण सहित दिइएको छ ।

## ५.४.२. प्राथमिकीकरणका विधिहरू

### क) माछाजाल विधि

अङ्ग्रेजीमा फिस बाओलिङ भनिने यो विधिमा सुरुमा सहभागीहरु हरेकलाई समय, परिस्थिति र विषयअनुसार तोकिएको समयमा (३ देखि ५ मिनट) मुख्य समस्या या अवसरहरूको सूची बनाउन लगाइन्छ । हरेकलाई एक पटकमा बढीमा दशवटा जतिको सूची बनाउन लगाउनु व्यावहारिक हुन्छ । त्यसपछि सकेसम्म फरक काम, तह भएका दुईजनालाई भएरदुईजनाको सूचीबाट छानेर जम्मा दश वटाको मात्र सूची बनाउन लगाइन्छ । कहिले दुवै जनाको सूची ठ्याक्कै मिल्न सक्छ, कहिले केही मिल्न सक्छ वा कहिले बीसवटा नै पनि हुन सक्छ तर दुईजना बीच छलफल भएर मुख्य ठहऱ्याइएका आधारमा एउटा सूची बनाउनु पर्छ । त्यसपछि सहभागी संख्या हेरेर ४ जनाको समूह बनाई दशवटाको सूचीलाई छलफल गरी ५ वटाको सूची बनाइन्छ । त्यही ५ वटालाई नै अन्तिम सूची मान्ने वा अझ फेरि ८-८ जना जतिको समूह बनाएर तीन वटा प्राथमिकीकृत सूची बनाउने अवस्था हेरेर अन्तिम सूची बनाउन सकिन्छ ।

**माछाजाल विधिबाट चालिएका काठमामाण्डौमा सञ्चालित एक कार्यशालाबाट आएका विद्यालय शिक्षाका सवालहरू निम्न थिए-**

- मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था नहुनु
- शिक्षकको कार्यक्षमता कमजोर र पेशाप्रतिको उत्तरदायित्व न्यून
- शिक्षामा राजनीतिक दलको प्रभाव
- अभिभावकको स्वामित्व र मागको अभाव
- परीक्षा केन्द्रित शिक्षा प्रणाली
- सिकाइको सट्टा भौतिक पूर्वाधारमा बढी लगानी
- शिक्षामा सरकारको पर्याप्त लगानी नहुनु
- अपाङ्गमैत्री पूर्वाधारको अभाव
- शिक्षामा सामाजिक समावेशीताको अभाव
- शिक्षकको क्षमता अभिवृद्धिमा लगानी नहुनु
- पूरानो शिक्षा ऐन/नयाँ विधेयक कार्यान्वयन नभएको
- राजनीतिक एजेण्डामा शिक्षा प्राथमिकतामा नहुनु
- आधारभूत शिक्षाको स्तर कमजोर

### ख) कारण कि असर ?

सवालको सम्बोधन गर्नका लागि ती सवालहरू असर हुन् कि कारणहरू हुन् भनेर छलफल गरिन्छ किन भने जे देखियो त्यो नै कुनै कुरा बिग्रिएको कारण नहुन सक्छ । माथि असर र कारण मिसिएको सूचीलाई छलफल गरी छानिएका कारणहरू निम्न थिए

१. परीक्षा प्रणाली
२. बहुअसमावेशी शिक्षा
३. शिक्षाको चुरोमा भन्दा आवरणमा ध्यान
४. असङ्गठित अभिभावक
५. अनुत्तरदायी शिक्षक
६. शिक्षा राजनीतिको सवाल नहुनु
७. अदक्ष शैक्षिक कर्मचारी

यसलाई प्राथमिकीकरणका अरू चाल्नीहरूबाट चालिन्छ । प्राथमिकीकरण चौकोस एउटा श्रृंखलाहरूको समष्टिगत नाम हो । यो विधि मा दिइएको छ ।

## प्राथमिकीकरण चौकोस

प्रायोरिटी म्याट्रिक्समा आफ्ना  कार्यसूची सामान्यत: एक्स र वाइ ग्राफको ढाँचामा हेरिन्छ जुन जटिल गणितीय विषय हो कि भनेर डराउनु पर्ने आवश्यकता छैन । हरेक कामलाई चौकोसका चार खण्डमा राखिन्छ र आधारहरु आफूले निर्धारण गर्न सकिन्छ ।

## ग) जोडी तुलना विधि

माथिको प्रक्रियाबाट छानिएर बनेको सूचीमा (५-६वटा) आइपुगेपछि जोडी तुलना गर्न सकिन्छ । समूहमा सूचीका बुँदाहरु  यो धेरै महत्वको हो कि त्यो धेरै महत्वको हो, हो भने किन हो भनेर एकएक गरी एकअर्कोसँग तुलना गरिन्छ । एउटा भन्दा अर्को महत्वपूर्ण हो भन्नेले अर्को विचार भएको व्यक्तिलाई सहमत गराउनु पर्छ । कुनै बहसमा दुवै पक्ष समाधान नहुने वा निचोड नभएको विषय भनेर सहमत हुन पनि सक्छन् । यो खुला र तह विहीन अवस्थामा गरिने भएकाले यसले समूहलाई चुनौतपूर्ण एकता दिन सक्छ । प्राथमिकीकरणको तालिका तल प्रस्तुत गरिएको छ जहाँ कुन सवालसँग तुलना गर्दा कुन सवाल महत्वपूर्ण ठानिए छ भन्ने देख्न सकिन्छ ।

## जोडी तुलना तालिका

जोडी तुलना गरेपछि सवालहरूको प्राथमिकीकृत सूची यस्तो देखियो ।  अब संस्था वा समूहले  कुनै सवालमा गच्छेअनुसार काम अगाडि बढाउन सक्छ ।

१. शिक्षा राजनीतिक एजेन्डाको प्राथमिकतामा छैन
२. शिक्षकको कमजोर कार्यप्रदर्शन  र पेशाप्रति न्यून उत्तरदायित्व
३. अभिभावकको स्वामित्व र मागको अभाव
४. आधारभूत शिक्षाको स्तर कमजोर
५. मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था छैन ।

**प्राथमिकीकरण विज्ञान र विधिहरु बुझ्न विस्तृत रूपमा तलको QR हेर्नुहास् ।**

# ६

# जनवकालतका प्रक्रियाहरू

जनवकालतका प्रक्रियाहरू भन्नाले कुनै सामाजिक, शैक्षिक वा नीतिगत समस्या (सवाल) उठाएर त्यसको समाधानका लागि योजना, संवाद, सङ्गठन, दबाब र मूल्याङ्कनसम्म पुग्ने चरणबद्ध प्रक्रिया हो । यी प्रक्रियाले जनवकालतलाई उपयुक्त रणनीति निर्माणमा सघाउने, सहभागिता जुटाउने र दिगो बनाउने काम गर्छ । जसमा जनवकालतका प्रमुख चरणहरू यस प्रकार रहेका छन् :

## ६.१ समस्याको (सवालको) पहिचान

समुदाय, समूह वा नागरिकले भोगिरहेको संरचनागत, नीतिगत वा व्यवहारजन्य अन्याय, विभेद वा असमानता पत्ता लगाउने प्रक्रिया नै जनवकालतका समस्याको (सवालको) पहिचान हो, जसको साझा असर, साझा समाधान र सार्वजनिक चासो हुन्छ ।

**जनवकालतका सवालहरू सामान्य र व्यक्तिगत समस्याभन्दा फरक हुन्छन् । उदाहरणका लागि**

- यो धेरै व्यक्तिहरूमा साझा रूपमा देखिन्छ ।
- यसको समाधान नीति, बजेट, सेवा वा संरचना परिवर्तनमार्फत सम्भव हुन्छ र
- जसको स्रोत र समाधान सार्वजनिक निकायसँग सम्बन्धित हुन्छ ।

**उदाहरण- वकालतका सवालहरू**

| समस्या (सवाल) | प्रकार | स्रोत |
|---|---|---|
| विद्यालयमा छात्राहरूका लागि शौचालय नुहुनु | लैङ्गिक विभेद | सेवा अभाव, योजना कमजोर |
| दलित बालबालिकालाई शिक्षकले फरक व्यवहार गर्नु | सामाजिक विभेद | व्यावहारिक, संरचनागत |
| विद्यालयमा शिक्षक दरबन्दी खाली हुनु | नीतिगत/प्रशासनिक कमजोरी | स्रोत व्यवस्थापन समस्या |
| पाठ्यपुस्तक समयमै नआउनु | सेवा प्रवाहमा ढिलाइ | आपूर्ति व्यवस्थापन कमजोर |
| माध्यम भाषा नबुझेर आदिवासी बालबालिका पछि पर्नु | सांस्कृतिक असमानता | पाठ्यक्रम र शिक्षण माध्यममा असंवेदनशीलता |

## ६.२ अनुभूति प्रमाणीकरण

समुदाय, अभिभावक, विद्यार्थी, शिक्षक वा सरोकारवालाले व्यक्त गरेको अनुभूति (अनुभव, गुनासो, बुझाइ) वास्तवमै तथ्य, प्रमाण र वस्तुगत सन्दर्भसँग मेल खान्छ कि खाँदैन भनेर पुष्टि (Verification) गर्ने प्रक्रिया नै अनुभूति प्रमाणीकरण हो ।

**यसको उद्देश्य**

- अनुभूतिलाई सत्य मानेर मात्र जनवकालत नगर्ने ।
- बरु त्यसलाई प्रमाण, तथ्य र गहिरो विश्लेषण मार्फत पुष्टि गर्ने।

अर्को शब्दमा, हामीले महसुस गरेका कुरा के साँच्चै सत्य छन् भनेर जाँच गर्नु नै अनुभूति प्रमाणीकरण हो ।

**किन आवश्यक हुन्छ ?**

- जनवकालत भावनामा मात्र होइन, तथ्य र प्रमाणमा आधारित हुनुपर्छ ।
- कहिलेकाहीँ गुनासोहरू भ्रम, अपवाद वा आंशिक जानकारीमा आधारित हुन सक्छन् ।
- सत्य र अनुमान छुट्ट्याउन सकिएन भने जनवकालत कमजोर र अविश्वसनीय हुन्छ ।

| अनुभूति/गुनासो | प्रमाणीकरण आवश्यक किन ? | जाँच्ने उपाय |
|---|---|---|
| विद्यालयको भवन नराम्रो हुनाले पढाइ राम्रो भएन | के भवन साँच्चै प्रयोग योग्य छैन ? के पढाइमा त्यसकै असर देखिएको छ ? | निरीक्षण, शिक्षक/विद्यार्थीसँग अन्तरवार्ता, नतिजा तुलना |
| पर्याप्त शिक्षक भएन, पढाइ राम्रो भएन | शिक्षक दरबन्दी कति छ ? दरबन्दीअनुसार शिक्षक कति छन् ? | दरबन्दी विवरण, उपस्थितिको अभिलेख |
| अभिभावकले वास्ता गर्दैनन् | के उनीहरू विद्यालयको गतिविधिमा आउँदैनन् ? आउन सक्ने अवस्था छ कि छैन ? | वि.व्य.स. बैठक विवरण, सामुदायिक छलफल |

अनुभूति प्रमाणीकरण भनेको के देखिन्छ र के साँच्चै हो बीचको अन्तर बुझ्ने प्रयास हो । यसले जनवकालतलाई तथ्यमा आधारित, विश्वसनीय र प्रभावकारी बनाउन मद्दत गर्दछ ।

## ६.३ सवालको आकार  पहिचान

उठाइएको सवाल/समस्याबाट कति मानिस, कुन क्षेत्र, र कुन तहका सरकार वा सरोकारवाला प्रभावित छन् भनेर स्पष्ट गर्ने प्रक्रिया सवालको आकार(size) हो । यसले जनवकालतको दायरा, रणनीति, स्रोत र पहुँच निर्धारण गर्न मद्दत गर्दछ ।

**सरल भाषामा**

- सवाल सानो छ कि ठूलो ?
- स्थानिय हो कि राष्ट्रिय ?
- थोरै व्यक्तिलाई असर गर्छ कि धेरैलाई ? असर गर्ने संख्या कति छ ?
- असरको व्यापकता कति छ ?

यही कुरा बुझ्नु नै सवालको आकार पहिचान हो।

**किन आवश्यक हुन्छ ?**

- जनवकालत कुन तहमा गर्ने भन्ने निर्णय गर्न (पालिका, प्रदेश, संघ) ।
- स्रोत कति चाहिन्छ, कसलाई जोड्ने, कसलाई दबाब दिने भन्ने रणनीति बनाउन ।
- प्राथमिकता र चरण निर्धारण गर्न ।

**सवालको आकार पहिचान गर्दा विचार गर्नुपर्ने पक्षहरू**

**भौगोलिक दायरा:** समस्या देखिएको क्षेत्र ? (एक वडा, एक पालिका, धेरै पालिका, प्रदेशभर वा देशैभरि)
**प्रभावित जनसंख्या:** कति मानिस प्रभावित छन् ? कुन समूह/जाति/वर्ग बढी प्रभावित छन् ?
**शासकीय तह:** यो सवालको समाधान कसले गर्न सक्छ ? स्थानीय, प्रदेश कि संघीय सरकार ?
**सवालको इतिहास:** समस्या अहिलेको हो कि धेरै वर्षदेखि दोहोरिएको छ ?
**प्रभावको गहिराइ:** समस्या अस्थायी हो कि जीवनमा दीर्घकालीन असर पार्ने

**उदाहरण- सवालको आकार**

| सवाल | साइज |
|---|---|
| कुनै एक विद्यालयमा छात्राहरूको लागि छुट्टै शौचालय छैन । | सानो साइज-  एक पालिकाको एउटा विद्यालय |
| माध्यम भाषा नबुझ्ने आदिवासी विद्यार्थीहरू पढाइमा पछि परेका छन् । | ठुलो साइज- एकै समुदायमा व्यापक असर, सम्भवतः प्रदेशभर |
| शिक्षक दरबन्दी खालि हुनु | साइज: पालिकादेखि संघसम्म- नीति, बजेट र स्रोत सम्बन्धित |
| शिक्षकहरूलाई  पाठ्यक्रमबारे ज्ञान नहुनु | साइज: प्रदेश या देशभर- शिक्षक तालिमको समस्या ? |

सवालको साइज पहिचानले जनवकालतको दायरा, तह र रणनीति तय गर्ने आधार बनाउँदछ । आकार ठ्याक्कै थाहा पाउँदा सहयोगी कस्तो चाहिन्छ, स्रोत कति लाग्छ, असर कहाँ बढी छ भन्ने स्पष्ट हुन्छ । यसले जनवकालतलाई योजनाबद्ध, चरणबद्ध र सटीक बनाउन सहयोग गर्छ।

## ६.४. समस्याको स्रोत पहिचान गर्ने

देखिएको समस्या (सवाल) किन उत्पन्न भएको हो भन्ने मुख्य कारण (root cause) पत्ता लगाउने प्रक्रिया नै समस्याको स्रोत पहिचान हो । सिर्फ लक्षण (जस्तैः पढाइ कमजोर छ) हेरेर होइन, त्यो समस्याको मुख्य कारण के हो ? त्यो कहाँबाट आएको हो ? कसले समाधान गर्न सक्दछ ? भन्ने बुझ्नु अत्यावश्यक हुन्छ । सरल भाषामा समस्या किन भएको हो भन्ने मूल कारण खोतल्नु नै समस्याको स्रोत पहिचान गर्नु हो । यही आधारमा मात्र सटीक समाधान खोज्न सकिन्छ ।

**समस्याको स्रोतका प्रकारहरू**

**संरचनागत:** समाज वा संस्थागत संरचनामा रहेका ऐतिहासिक, जातीय, वर्गीय, लैङ्गिक वा भाषिक विभेद । जस्तै: दलित विद्यार्थीहरूलाई विद्यालयमा भेदभाव हुनु ।
**नीतिगत:** नीति, योजना वा कार्यविधिमा कमजोरी । जस्तै: शिक्षामा समावेशी नीति नहुनु वा कार्यान्वयन नहुनु
**कानूनी:** कानून नै नभएको, अस्पष्ट भएको वा कार्यान्वयन नपुगेको अवस्था । जस्तै: बालबालिकाको शारीरिक दण्ड बारेमा स्पष्ट निषेध नहुनु ।
**परम्परा:** समाजमा गढिएको चलन, मान्यता वा व्यवहार । जस्तै: “छोरीहरू पढ्नु पर्दैन” भन्ने सोच हुनु ।
**शासकीय:** सरकार वा निकायहरू बीचको अधिकार, जिम्मेवारी वा समन्वयको अभाव । जस्तै: संघले दरबन्दी नदिनु वा स्थानीय तहले शिक्षक पठाउन नसक्नु, प्रदेश/संघसँग समन्वय नहुनु ।

**उदाहरण- सवालको आकार**

| देखिएको समस्या | सम्भावित स्रोत |
|---|---|
| विद्यालयमा महिला शिक्षक छैनन् । | संरचनागत (लैङ्गिक असमानता), नीति (महिला शिक्षकको प्राथमिकता नहुनु) |
| बालबालिकाको सिकाइ कमजोर । | शासकीय (शिक्षक व्यवस्थापन), संरचनागत (गरिबी), नीतिगत (सीपमूलक शिक्षा नहुनु) |
| पाठ्यपुस्तक ढिला पुग्छ । | शासकीय (आपूर्ति प्रणाली), नीतिगत (केन्द्रीकृत वितरण प्रणाली) |
| आदिवासी विद्यार्थी भाषा बुझ्दैनन् । | संरचनागत (बहुभाषिकता नबुझिने), नीतिगत (स्थानीय पाठ्यक्रम नहुनु) |

**यो किन आवश्यक छ ?**

- समाधान खोज्दा लक्षण होइन, कारणमै काम गर्न सकिन्छ/पाइन्छ ।
- नीतिगत वकालत गर्न कोसंग कुरा गर्ने, कसलाई प्रमाण देखाउने भन्ने स्पष्ट हुन्छ।

समस्याको स्रोत पहिचान गर्नु भनेको जनवकालतको मुटु हो । यही आधारमा हामीले समाधानको बाटो, सम्बन्धित जिम्मेवार निकाय, रणनीति र सन्देश निर्धारण गर्न सक्छौं ।

## ६.५. सवाललाई आकार दिने

उठाइएको समस्या (सवाल)लाई भाषा, उदाहरण, दृष्टिकोण र सन्देशमार्फत प्रस्तुत गर्ने प्रक्रियाले सवाललाई आकार दिन्छ, जसले धेरै मानिसको ध्यान आर्कषण गर्दछ, सहानुभूति जगाउँदछ र समर्थन बटुल्न सजिलो गर्दछ । यसले सवाललाई जनचासोको मुद्दा बनाउने काम गर्दछ । सवालले बढी मानिसको समर्थन पाउँदा समाधान पनि छिटो हुन मद्दत पुग्छ ।

**सवाललाई आकार दिने क्रममा ध्यान दिनुपर्ने कुराहरू**

**लक्षित समूह:** सवालले कसको लागि बोल्दछ ? अभिभावक, शिक्षक, नीति निर्माता, मिडिया ?
**भावना र न्याय:** सवालमा मानव अधिकार, समानता, न्याय, अवसर, भविष्य जस्ता मूल्य समावेश छ छैन ?
**विभेद देखाउने:** समस्या कसरी वञ्चित, सीमान्तकृत समूहमाथि अन्याय गर्छ भनेर देखाउने ।
**उदाहरण र कथा:** तथ्य मात्र होइन, कसैको अनुभव, कथा, अनुहार देखाउन सकिने गरी सन्देश बनाउँदा राम्रो ।
**सहयोगी बनाउन मिल्ने फ्रेम:** विरोध गर्नुभन्दा पहिले साझेदारी निर्माण गर्न सकिने किसिमले प्रस्तुत गर्ने ।

**उदाहरणः एउटै सवाल फरक तरिकाले आकार दिँदा फरक असर**

| कस्तो भनियो ? | असर |
|---|---|
| "विद्यालयमा शौचालय छैन" | समस्या त देखिन्छ तर गहिराइ महसस हुँदैन । |
| "शौचालय नभएका कारण किशोरीहरू महिनावारीका बेला ५ दिनसम्म स्कूल आउँदैनन्" | मानवीय अपील, लैङ्गिक असमानता, र सार्वजनिक समर्थन बलियो हुन्छ । |

## ६.६. हकवालासँग सञ्चार

हकवालासँग सञ्चार भन्नाले जनवकालतको सवालले प्रत्यक्ष प्रभाव पारेका समुदायका सदस्यहरूसँग संवाद, छलफल र सहभागी प्रक्रिया मार्फत समस्या, असर र समाधानबारे साझा बुझाइ निर्माण गर्ने प्रक्रिया हो । यसको उद्देश्य हकवाला (अधिकार पाउने पात्र)ले आफ्नै सवाललाई बुझून्, आवाज उठाउन तयार होऊन्, र वकालतको प्रक्रियामा सक्रिय रूपमा सहभागी होऊन् ।

- सवालले प्रभावित समुदायहरूसँग त्यसको समस्या, असर, निराकरण र उपायहरूको बारेमा छलफल गर्ने,
- सामूहिक रूपमा कुरा गर्न तयार बनाउने ।

**यो किन आवश्यक हुन्छ ?**

- जनवकालत हकवालाको स्वामित्व बिना दिगो हुँदैन ।
- समस्या उनीहरूकै हो, त्यसैले तिनको बुझाइ, अनुभव र विचार बिना समाधान सम्भव छैन ।
- अधिकारको कुरामा जसको सवाल उसको नेतृत्व आवश्यक हुन्छ ।
- बाहिरबाट बोलेको भन्दा स्वयं प्रभावित व्यक्तिले बोलेको आवाज बलियो र विश्वसनीय हुन्छ ।

## ६.७. सेवाप्रदायकसँग सम्वाद

सेवाप्रदायकसँग संवाद भन्नाले वकालतको सवालमा सम्बन्धित जिम्मेवार निकाय वा अधिकारी (सेवाप्रदायक वा कर्तव्य बाहक) र हकवाला (समस्या भोगिरहेका नागरिक) बीच सार्वजनिक सेवा, अधिकार र जवाफदेहिताबारे प्रत्यक्ष र उद्देश्यपूर्ण संवाद गर्ने प्रक्रिया हो ।

- हकवालाले सेवाप्रदायकसँग संवादका लागि वातावरण बनाउने,
- हकवालाले सेवाप्रदायकसँग संवाद गर्ने,

**यसको उद्देश्य**

- सेवाप्रदायकले समस्या बुझून्,
- आफ्नो भूमिकाको जिम्मेवारी स्वीकार गरून र
- समाधानतर्फ कदम चालून् ।

**किन आवश्यक हुन्छ**

- हकवालाको आवाज प्रत्यक्ष जिम्मेवार निकायसम्म पुऱ्याउन ।
- दबाब होइन, संवादमार्फत परिवर्तनको बाटो खोल्न ।
- सेवा दिने निकायसँग विश्वास र जवाफदेही सम्बन्ध विकास गर्न ।
- समाधान खोज्ने प्रक्रिया संस्थागत र समन्वित बनाउन ।

## ६.८. दबाबका लागि तयारी र सङ्गठन

- संवादबाट सवाल सम्बोधन नभएमा दबाबका लागि तयारी गर्ने,
- हकवालाहरू सङ्गठित हुनलाई मद्दत गर्ने,

## ६.९. क्षमतावृद्धि र सशक्तिकरण

हकवालाहरूलाई आफ्नो अधिकार बुझ्ने, आवाज उठाउने, निर्णय प्रक्रियामा भाग लिन सक्ने र नीति तथा सेवा प्रवाहमा प्रभाव पार्ने क्षमता र आत्मबल विकास गराउने प्रक्रिया नै क्षमता वृद्धि र सशक्तिकरण हो । यो वकालतको अत्यन्त महत्वपूर्ण पाटो हो, जसले हकवालालाई निराशा वा आश्रितको भूमिकाबाट निकालेर सक्रिय नागरिकको भूमिकामा उभ्याउँछ । सरल भाषामा भन्नुपर्दा "तपाईं कमजोर होइन, तपाईं बोल्न र परिवर्तन गर्न सक्षम हुनुहुन्छ" भन्ने विश्वास दिनु र त्यसका लागि आवश्यक ज्ञान, सीप र हौसला दिनु नै क्षमता वृद्धि र सशक्तिकरण हो ।

**मुख्य उद्देश्यहरू**

- हकवालाले आफ्नो सवाल चिन्न, बुझ्न र अभिव्यक्त गर्न सकून् ।
- उनीहरूलाई कानूनी, नीतिगत, सेवा प्रणालीबारे जानकारी होस् ।
- उनीहरूले सामूहिक रूपमा संवाद, माग र दबाब दिन सकून् ।
- वकालतलाई बाह्य नेतृत्व होइन, समुदायको आफ्नै नेतृत्व बनाउनु सकोस् ।
- हकवालाको क्षमता अभिवृद्धि, सशक्तिकरण गर्ने,
- हकवालाले दवाव दिन प्रोत्साहन गर्ने,

## ६.१०. योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

- योजना निर्माण र कार्यन्वयन
- के के गर्ने भनेर गतिविधिको योजना बनाउने, कार्यान्वयन गर्ने ।
- सवाल अनुगमन
- लक्षित सवाल ठिक दिशामा गए नगएको भनेर हेर्ने,
- नभएमा अर्को चरणको संवाद गर्ने,
- कार्यक्रम र मूल्याङ्कन
- सवालको उद्देश्य पूरा भयो कि भएन भनेर समीक्षा गर्ने,
- प्रभाव के रह्यो भनेर हेर्ने, (कार्यक्रमको सूचकहरू हेर्ने)
- हकवालाको नजरमा उपलब्धि भयो कि भएन भनेर हकवालासँग संवाद गर्ने, (संवाद गर्दा जिज्ञासु र जागरुक हुनुपर्छ)

समस्याको प्रभावको अनुसन्धान/अवलोकन गर्ने (समस्याहरूबाट)

- तपाईंको ज्ञानको स्रोत के हो ? कुन स्रोतहरूको कमी छ ? थाहा पाउने ।

# ७

# जनवकालतका मुख्य तत्वहरू

## ७.१. सवाल

**सवालको विश्लेषण-** शिक्षाका प्रमुख सवालहरू जस्तै शिक्षामा राजनीति, परीक्षामुखी शिक्षा प्रणाली, शिक्षामा न्यून लगानी, लैङ्गिक तथा जातीय विभेद, कमजोर नीति कार्यान्वयन लगायत अन्य संरचनात्मक समस्याहरूको गहिराइमा बुझ्नका लागि सवालहरूको विश्लेषण आवश्यक पर्दछ । विश्लेषणले यी समस्याको मुख्य कारण पत्ता लगाउन र समस्याले कुन समुदाय वा समूहलाई धेरै असर गरिरहेको छ भन्ने बुझ्नका लागि सहयोग गर्दछ ।

**आकार-** सवालहरूलाई आकार दिँदा शिक्षा सम्बन्धी सवालहरूलाई जनचासोको विषय बनाई अन्य सरोकारवालाहरूलाई बुझ्न महसुस गर्न र अपनाउन सहयोग गर्दछ । यसले वकालतका लागि उठाइएको प्रश्नलाई साझा मुद्दाको रूपमा स्थापित गर्दछ जसले मुद्दालाई स्पष्ट र आकर्षक सन्देशमा रूपान्तरण गर्न मद्दत गर्छ । आकार दिँदा भावनात्मक अपिल, न्याय र समानता जस्ता मूल्य समेट्ने प्रयास गरिन्छ । आकारले नीति निर्माणकर्ता, मिडिया, समुदाय सबैलाई बोल्न र सोच्न बाध्य बनाउने शैलीमा तयार हुनु पर्छ । एउटै मुद्दालाई फरक-फरक सरोकारवालाका लागि फरक तरिकाले आकार दिन सकिन्छ । उदाहरणका लागि बालिकाहरूका लागि विद्यालयमा सुरक्षित शौचालय छैन भन्ने समस्यालाई लैङ्गिकमैत्री विद्यालयको सुनिश्चित गर्नुपर्छ भन्दा धेरै सरोकारवालाको ध्यान केन्द्रित हुन्छ ।

सवाललाई आकार दिँदा कस्ता सरोकारवालालाई आकर्षण गर्ने पहिले नै निश्चित गर्नुपर्छ । कहिलेकाहीँ धेरै सरोकारवालाको उपस्थितिले सवाललाई  कमजोर बनाउन सक्छ ।

## ७.२. सरोकारवालाहरू

### ७.२.१ सरोकारवालाहरूको नक्साङ्कन

वकालतको क्रममा सवालको “आकार” तयार भएपछि त्यसको आधारमा सरोकारवालाहरूको नक्साङ्कन गर्नु अत्यन्त आवश्यक हुन्छ । आकारले उठाइएको सवाललाई कसरी प्रस्तुत गर्ने भन्ने निर्धारण गर्छ, जसले प्रत्यक्ष रूपमा सरोकारवालाको चासो, भूमिका र प्रभावमा असर पार्छ । एउटै समस्या भए पनि त्यसलाई फरक ढंगले आकार दिँदा फरक सरोकारवाला समूह प्रभावित हुने सम्भावना हुन्छ । उदाहरणका लागि यदि सवाल "विद्यालय छाड्ने बालिकाहरूको संख्या उच्च छ" भनेर प्रस्तुत गरिन्छ भने, त्यसले अभिभावक, शिक्षक, र स्थानीय सरकारलाई फरक-फरक तरिकाले सम्बोधन गर्न आवश्यक हुन्छ । अभिभावकलाई सचेतना र व्यवहार परिवर्तनमा केन्द्रित गर्नुपर्ने हुन्छ भने, स्थानीय सरकारलाई नीति र बजेटको जिम्मेवारीतर्फ लक्षित गर्नुपर्छ । यस्तो नक्साङ्कनले कसलाई समर्थन जुटाउन, कसलाई दबाब दिन, र कसलाई सशक्त बनाउने भन्ने कुरामा स्पष्टता दिन्छ । साथै, सन्देश कसलाई कसरी भन्ने भन्ने कुराको रणनीति बनाउन सहयोग पुऱ्याउँछ । सीमित स्रोत, समय र जनशक्तिको प्रभावकारी प्रयोगका लागि सही व्यक्ति वा निकायसँग सटिक र उद्देश्यपूर्ण रूपमा संलग्न हुन पनि सरोकारवालाको नक्साङ्कन आवश्यक हुन्छ । यसकारण, सवालको आकार र सरोकारवालाको नक्साङ्कन वकालतको सफलता सुनिश्चित गर्ने परस्पर-सम्बन्धित दुई महत्वपूर्ण प्रक्रिया हुन् ।

सरोकारवालाहरूको नक्साङ्कन गर्दा वकालतको सवालसँग प्रत्यक्ष या अप्रत्यक्ष रूपमा सम्बन्धित सबै पक्षहरूको पहिचान गरी, तिनीहरूको भूमिका र एक-अर्कासँगको शक्तिको सम्बन्धको विश्लेषण गर्नुपर्दछ । यस प्रक्रियामा, पहिलो चरणमा सवालसँग सम्बन्धित सरोकारवालाहरूको सूची वा तालिका तयार गरिन्छ । यसमा सहयोगी निकाय, प्रतिरोधी पक्ष, तटस्थ र प्रभाव पार्न सक्ने सबै सम्भावित पक्षहरू समावेश गरिन्छ । त्यसपछि, यो सूचीको आधारमा ती सरोकारवालाहरूलाई मुख्यतया कर्तव्यवाहक, अधिकारवाहक र अन्य सरोकारवाला को रूपमा वर्गीकरण गरिन्छ । यसपछि, यी समूहहरू बीचको शक्ति सम्बन्धको आँकलन गरी कोसँग निर्णय गर्ने अधिकार छ, को आवाज उठाउन सक्छ, कोसँग स्रोत र पहुँच छ र को असक्षम वा मौन छन् पत्ता लगाउन सकिन्छ । यस किसिमको सरोकारवाला नक्साङ्कन र शक्ति सम्बन्धको विश्लेषणले वकालत रणनीति कसरी बनाउने, कसलाई कसरी सम्बोधन गर्ने र कसरी शक्ति सन्तुलन मिलाउने भन्ने स्पष्ट दिशा प्रदान गर्छ ।

## ७.२.२ हकवाला र सरोकारवाला

### कर्तव्यवाहक

कर्तव्यवाहक भन्नाले कुनै सवाल वा मुद्दा समाधान गर्ने कानुनी, नीतिगत वा व्यावहारिक जिम्मेवारी तथा निर्णय गर्ने शक्ति भएको व्यक्ति वा संस्था हो । यी कर्तव्यवाहकहरूले जनताको हक सुनिश्चित गर्न आवश्यक नीतिगत निर्णय, बजेट व्यवस्था, र कार्यान्वयनको जिम्मा लिएका हुन्छन् तर वकालतको सन्दर्भमा "शक्ति हुँदाहुँदै पनि किन निर्णय गरिएको छैन वा कार्यान्वयन भएको छैन" भन्ने महत्त्वपूर्ण प्रश्न उठ्छ । यसलाई बुझ्नका लागि, कर्तव्यवाहकको शक्ति कुन तह (संघीय, प्रदेश, स्थानीय) मा छ भन्ने छुट्याउनु आवश्यक हुन्छ । साथमा, कार्यान्वयन गर्ने जिम्मेवारी कसको हो भन्ने प्रष्ट पार्नुपर्छ ।

### उदाहरणका लागि:

शिक्षकहरूले पढाउने जिम्मेवारी पूरा नगर्नु: यहाँ शिक्षकहरू विद्यालय तहका कर्तव्यवाहक हुन् । उनीहरूमा पढाउने शक्ति छ तर त्यो कार्यान्वयन नहुनु जिम्मेवारीको कमजोरी हो । यसमा विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकार पनि जिम्मेवार ठहरिन्छन् ।
स्थानीय तहले पाठ्यक्रम नबनाउनु: शिक्षा ऐन र नीति अनुसार स्थानीय तहलाई पाठ्यक्रमको स्थानीयकरण गर्न सक्ने अधिकार दिइएको छ । शक्ति त उनीहरूसँग छ तर त्यो प्रयोग नगरिनु कार्यान्वयनमा चासो, क्षमता वा स्रोतको अभावका के कारण हुन सक्छ ।
यसरी वकालत गर्दा कर्तव्यवाहकलाई मात्र पहिचान गरेर पुग्दैन, उनीहरूका अधिकार र कर्तव्यबीचको अन्तर, र शक्ति हुँदाहुँदै पनि किन निष्क्रिय छन् भन्ने कारणको विश्लेषण गर्न आवश्यक हुन्छ । यस विश्लेषणले वकालतलाई लक्षित, प्रमाण-आधारित र प्रभावकारी बनाउँछ ।

### अधिकारवाहक (हकवाला)

अधिकारवाहक भन्नाले कुनै समस्या वा मुद्दाबाट प्रत्यक्ष रूपमा प्रभावित हुने व्यक्ति वा समूहलाई जनाउँछ, जसले सो समस्याको समाधानका लागि हक राख्छन् । सार्वजनिक शिक्षाको सन्दर्भमा अधिकारवाहकहरू प्रायः विद्यार्थी, अभिभावक, समुदायका सदस्य, विशेष गरी सीमान्तकृत वा वञ्चित वर्गका समूहहरू हुन्छन् ।
यो विश्लेषण गर्न तीन वटा प्रमुख प्रश्नहरू उपयोगी हुन्छन्: समस्या कसलाई परेको हो, समस्या समाधान नहुँदा गुमाउने कसले हो, सवाल कसको हो  र शक्ति सम्बन्धमा उनीहरूको पहुँच कहाँ छ ।
यदि मुद्दा अधिकारवाहककै हो भने पनि उनीहरूले प्रायः आवाज उठाउन सक्ने अवस्था नभएका हुन सक्छन् । अधिकारवाहकहरूको सामाजिक, जातीय, आर्थिक, शैक्षिक तथा पेसागत पृष्ठभूमिले उनीहरूको शक्ति सम्बन्धमा कति पहुँच छ भन्ने निर्धारण गर्छ ।

यदि उनीहरू आर्थिक रूपमा कमजोर, जातीय रूपमा वञ्चित, वा औपचारिक शिक्षाबाट टाढा छन् भने, उनीहरूको आवाज कम सुनिन्छ र निर्णय प्रक्रियामा सहभागिता कमजोर हुन्छ । उदाहरणस्वरूप, दलित समुदायका, गरीब परिवारका वा अशिक्षित अभिभावकहरूले विद्यालयमा हुने निर्णय प्रक्रियामा भाग लिन सक्दैनन् जसले उनीहरूको हकको प्रभावकारी संरक्षणमा चुनौती ल्याउँछ ।
अधिकारवाहकको स्पष्ट पहिचान र उनीहरूको शक्ति सम्बन्धमा रहेको पहुँचको विश्लेषण बिना वकालत प्रभावकारी हुँदैन। उनीहरू कहाँ छन्, किन आवाज उठाउन सक्दैनन् र कसरी उनीहरूलाई सशक्त बनाउन सकिन्छ भन्ने कुरा बुझेर मात्र वकालतले न्यायपूर्ण परिवर्तन ल्याउन सक्छ ।

## मित्र, र प्रतिरोधी शक्तिहरू

वकालतको प्रक्रियामा सरोकारवालाहरूलाई उनीहरूको मुद्दाप्रतिको दृष्टिकोण र व्यवहारअनुसार तीन समूहमा वर्गीकरण गरिन्छ । यसले कसलाई सहयोगी बनाउने, कसलाई सचेत गराउने र कसबाट सावधानी अपनाउने भन्ने रणनीतिक आधार दिन्छ ।
**मित्र:** मित्र भनेका वकालतको मुद्दासँग सहमत भएका र त्यसलाई अगाडि बढाउन सक्रिय रूपमा समर्थन गर्ने सरोकारवाला हुन् । यी समूहले जनचेतना फैलाउने, नीतिगत दबाब दिन सहयोग गर्ने र मुद्दा सशक्त बनाउन सघाउने कार्य गर्छन् ।

**तटस्थ:** तटस्थ सरोकारवाला भनेका वकालतको मुद्दाको पक्ष वा विपक्षमा स्पष्ट रूपमा लागेका हुँदैनन् र त्यसप्रति कुनै चासो देखाएका हुँदैनन् । यी समूहहरूलाई मित्रतर्फ तान्न सकिने सम्भावना हुन्छ, त्यसैले उनीहरूसँग संवाद, सहभागिता र सहकार्य बढाउनु महत्त्वपूर्ण हुन्छ । यदि समयमै सम्बोधन नगरिएमा यिनीहरू प्रतिरोधी बन्न सक्छन्, त्यसैले तटस्थ समूहलाई मित्रतर्फ रूपान्तरण गर्ने रणनीति आवश्यक हुन्छ ।

**प्रतिरोधी:** प्रतिरोधी शक्ति भनेका वकालतको मुद्दाको विपक्षमा काम गर्ने वा अवरोध सिर्जना गर्ने समूह हुन् । यी समूहले मुद्दाको गलत व्याख्या, जनचेतनामा भ्रम सिर्जना वा निर्णय प्रक्रियामा अवरोध गर्न सक्छन् । त्यसैले यिनीहरूको रणनीतिक व्यवस्थापन आवश्यक हुन्छ ।
वकालतलाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई मित्र, तटस्थ र प्रतिरोधीको रूपमा चिन्ने र त्यसअनुसार सहयोग, संवाद र प्रतिकारको रणनीति बनाउने प्रक्रिया अनिवार्य हुन्छ । यो वर्गीकरणले शक्ति सम्बन्धको बुझाइलाई गहिरो बनाउँछ र वकालतलाई रणनीतिक रूपमा अगाडि बढाउने मार्ग तयार गर्छ ।

उदाहरणका लागि काठमाण्डौमा भएको कार्यशालाका सहभागीहरूले तयार पारेको सवालमा आधारित मित्र, तटस्थ र प्रतिरोधी शक्तिहरू तल प्रस्तुत गरिएको छ ।

| सवाल | प्रभावित पार्ने | मित्र | तटस्थ | प्रतिरोधी |
|---|---|---|---|---|
| शिक्षामा सामाजिक समावेशिता | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, राजनीतिक दलहरू, प्रविधि विकासकर्ता, सञ्चारमाध्यम तथा डिजिटल सामग्री निर्माणकर्ता | अपाङ्गता भएका व्यक्तिहरूका अभिभावक, शिक्षामा कार्यरत गैरसरकारी संस्थाहरू, सामाजिक समावेशीतामा काम गर्ने संस्थाहरू | विद्यालय व्यवस्थापन समिति, नागरिक समाज सङ्गठनहरू, अभिभावकहरू, शिक्षकहरू | नाफामुखी विद्यालयहरू, सामाजिक सिद्धान्त (संस्कृति, धर्म) |
| अभिभावकहरूको सार्वजनिक शिक्षाप्रति कुनै स्वामित्व र मागहरू छैन । | राजनीतिक दलहरू, नेताहरू, स्थानीय तहमा निर्वाचित व्यक्ति, केन्द्रदेखि स्थानीय सरकारसम्मको प्रशासन | नागरिक समाज संस्थाहरू, शिक्षा अभियन्ताहरू, बालअधिकारकर्मीहरू, शिक्षामा काम गरिरहेका बौद्धिक समूह, अभिभावकहरू, गैससहरू (गैर-सरकारी सङ्गठनहरू), अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति महासंघ | व्यवसायी, युवा क्लब, विद्यालयबाहिर रहेका बालबालिका, सञ्चार माध्यम | शिक्षा प्रशासक, स्थानीय सरकार, शिक्षक संघहरू |
| शिक्षकको कमजोर कार्यसम्पादन र जवाफदेहिता | विद्यालय व्यवस्थापन समिति, अभिभावक/ शिक्षक संघ, शिक्षकहरू, शिक्षक समूह तथा संघ, स्थानीय सरकार, विद्यालय निरीक्षक, राजनीतिक दलहरू, प्रधानाध्यापक, सेवा प्रदायक, गैरसरकारी संस्था, विद्यार्थीहरू, शिक्षकहरू। | विद्यालय व्यवस्थापन समिति, अभिभावक/ शिक्षक संघ, शिक्षकहरू, शिक्षक समूह तथा संघ, स्थानीय सरकार, विद्यालय निरीक्षक, राजनीतिक दलहरू, प्रधानाध्यापक, सेवा प्रदायक, गैरसरकारी | प्याब्सन, हिसान, ट्युसन तथा कोचिङ केन्द्रहरू | शिक्षकहरू र उनीहरूको संघसंस्था |

# ८

# अधिकारवाहकको सङ्गठन र एक्यबद्धता संयन्त्र

मानिसहरूको समूह वा समुदायले वञ्चना वा अधिकारको हनन अनुभव गर्छन्, भोग्छन् तर अति नभई उनीहरू त्यसलाई दाबी गर्न वा प्रतिकार गर्न सक्षम हुँदैनन् । अति भएपछि त्यो विस्फोटक र सम्हालि नसक्नु हुन्छ । तसर्थ, अति हुनुभन्दा अगाडि नै परिवर्तनका लागि सरोकारवाला खासगरी शासक वर्गलाई ती अधिकारहरूबाट वञ्चित नगर्न सम्झाइने, सचेत गराइने वा सम्वादबाट बाध्य पारिने अभ्यास जनवकालत हो । यसलाई वञ्चित मध्ये कै कोही वा सहानुभूति राख्ने कसैले देख्छन् वा अनुभव गर्छन् । अनि त्यो पीडा साझा गरेर वञ्चित वा वञ्चित पक्षधरहरू अधिकार दाबी गर्न  वा दाबी गर्न मद्दत गर्न सङ्गठित हुन्छन्/गर्छन् ।  राज्यले अधिकार दिन सदैव चाहँदैन भन्ने पनि होइन । आखिर अहिलेको लोकतान्त्रिक पद्धतिमा जनताबाट नै चुनिएका व्यक्तिले शासन गर्छन् । निरङ्कुश शासकहरू पनि कुनै बेला अवस्था नियन्त्रण बाहिर जाने गरी त्यति धेरै वञ्चित गर्न चाहँदैनन् । आवश्यकताका हिसाबले स्रोत सधैं कम नै हुन्छ । शासन व्यवस्थापकहरू तार्किक र अलिकति आफ्नो स्वार्थ राखेर नै प्राथमिकीकरण गर्छन् । वञ्चितहरूका आवश्यकतालाई प्राथमिकता दिन उनीहरूले आवश्यकता महसुस गर्न सक्दैनन् । शासन व्यवस्था खास गरी त्यसमा संलग्न व्यक्तिहरू अति सम्वेदनशील र क्षमतावान् नभएसम्म यस्तो भइरहन्छ । यस्तो अवस्थामा अधिकारहरू जनताको आवश्यकता र उर्जाअनुसार व्यक्त हुने माध्यम पनि हो । यही उर्जालाई सम्वादका लागि सङ्गठित गर्ने माध्यम हो सङ्गठन ।

अहिलेको समाजमा यो प्रक्रिया बुझेर यस्तो काम सङ्गठित गर्न राज्य वा समाजले व्यवस्था गरेको पनि छ । गैसस वा नागरिक संस्थाहरू यसैका रूप हुन् । उनीहरू यस्तो काम वञ्चितका पक्षमा सुरु गर्न सक्छन् तर उनीहरू पनि सर्वज्ञ वा दूधले नुहाएका हुँदैनन् । विभिन्न कारणले सधैं एकनासले लागि रहन पनि सक्दैनन् । नागरिक समाज सरोकारवाला मात्र हो हकवाला होइन । यसैले जसको अधिकार हनन भएको छ वा जो पीडित छन् उनीहरूलाई सङ्गठित र सक्षम बनाउनु उनीहरूको काम र जिम्मेवारी पनि हो । राज्यका निर्णायक पदमा रहने व्यक्तिहरूले आफ्नो वर्ग र त्यो पदमा पुऱ्याउन मद्दत गर्नेको स्वार्थ बाझिने हुँदा सीमान्तकृत समुदायका अधिकारका कुरालाई प्राथमिकता दिन चाहँदैनन् र अहिले गैससले प्राथमिकता नभएका विषय अगाडि ल्याएका हुन् कि भनेर  राज्य संयन्त्रले शंका गर्छ । त्यस कारण पनि हकवालाहरू नै आफ्ना अधिकार दाबी गर्न लाग्नु जरुरी हुन्छ । हकवालाहरू फरक विषयमा सङ्गठित भएका मतदाताहरू नै हुन् । बिचौलिया भन्दा उनीहरूको राजनैतिक बल पनि हुन्छ ।

देशमा समूह बनाउने बाढी चलिरहेको छ । सबै समूहहरू सङ्गठन होइनन् तर समूह हुन् वा सङ्गठन बनिरहेका छन् भने र उद्देश्य मिल्छ भने नयाँ बनाउनु जरुरी छैन । धेरै समूहले दुविधा जन्माएको र मानिसको अनावश्यक समय खर्च भइरहेको छ । अरू नै विषयका लागि भने पनि उनीहरू सवालमा सहमत छन् भने एक ठाउँमा आउन प्रोत्साहन गर्न सकिन्छ ।
सङ्गठन बनाउने विधि र प्रक्रियामा विकासकर्मीहरू अभ्यस्त नै भएकाले यहाँ विस्तृत चर्चा गरिँदैन । नेपाल सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको अग्रणी हकवालाहरूको सङ्गठन मानिन्छ । यसको गठन प्रक्रियाको पर्याप्त अभिलेखन उपलब्ध छ । नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घसङ्घ सङ्गठनको स्वरुप लिन प्रयत्नरत छ । यी दुइटामा मुख्य फरक के छ भने सामुदायिक वनहरू स्रोत सिर्जना  गर्छन्  तर विव्यसहरू खर्च गर्ने प्रकृतिका हुन् । खर्चको अभावले  पनि सङ्गठनलाई बलियो हुन दिँदैन । प्रतिबद्ध नेतृत्व र उनीहरूको अनुभव अर्को पक्ष हो । अभिभावकका संघहरू पनि झीनो अस्तित्वमा छन् तर उनीहरू सङ्गठन भन्दा गैसस प्रकृतिका छन् । उनीहरू अभिभावकको प्रतिनिधित्व गर्न सक्दैनन् या व्यापकता कम छ । राष्ट्रिय भूमि अधिकार

ट्रेड युनियनहरू जस्तै मजदूर सङ्गठनहरू, शिक्षक सङ्गठनहरू पनि जनसङ्गठनका रूपहरू नै हुन् । तिनीहरू एक त आफैं उपार्जन गर्न सक्छन् अर्को त उनीहरू आफ्नो सवालसँगै दलगत आबद्धता राख्छन् । शिक्षकहरूका हकमा उनीहरू सत्ताकै एक भाग हुन् । जीविकाको लागि राज्य स्रोतको निर्भरता नागरिक समाज हो कि होइन भनेर छुट्याउने अर्को कसी हो ।

आफ्ना माग पूरा गर्न तर्क एवम् जनशक्तिको मात्रा र विविधता आवश्यक हुन्छ । यसका लागि हकवाला र सरोकारवालाहरूको संयन्त्र बनाउन सकिन्छ । सवाललाई हेरेर मध्यस्थकर्ता र हकवालाहरूको र हकवाला-हकवालाहरूको एकबद्धता सयन्त्र बनाउन सकिन्छ । उदाहरणका लागि विव्यस महासङ्घ र सामुदायिक वन उपभोक्ता महासङ्घको एकबद्धता हुन सक्छ । मुख्य कुरा विरोधीशक्ति रहेछन् भने उनीहरूले सवाललाई भाँड्न वा निस्तेज बनाउन पनि सक्छन् । उदाहरणका लागि स्वायत्तता जोगाउने भनेर पालिकाहरूको प्रतिरोध गरिरहेको शिक्षक महासङ्घसँग विव्यस महासङ्घले सहकार्य गऱ्यो तर शिमसले आफ्ना माग पूरा हुन थाले पछि विव्यसमलाई वास्तै गरेन ।

# ९

# वकालतका माध्यमहरू

वकालतका माध्यमहरूको छनोट वकालत अभियानको प्रभावकारिता निर्धारण गर्ने एक महत्वपूर्ण चरण हो । शिक्षा वकालतमा सफलताको निर्धारण उपयुक्त माध्यमको छनोटले तय गरेको हुन्छ । विभिन्न सरोकारवालासम्म सन्देश पुऱ्याउन उपयुक्त माध्यम पहिचान गर्नु आवश्यक हुन्छ किनभने एउटै माध्यम सबैका लागि प्रभावकारी नहुन सक्छ । माध्यम छनोट गर्दा लक्षित समूह, सन्देशको प्रकृति, उद्देश्य, सन्दर्भ र संस्थाको स्रोत/सामर्थ्यको मूल्याङ्कन गर्नुपर्दछ । वकालतको सन्देश कसलाई, कहिले र कुन तरिकाले पुऱ्याउने भन्ने कुरा प्रभावकारी वकालत रणनीतिको आधार हो । विभिन्न लक्षित समूहहरू (सरकारका पदाधिकारी, शिक्षक, अभिभावक, विद्यार्थी, वा समुदाय) को सन्दर्भमा उपयुक्त माध्यम छुट्याउनु पर्दछ । त्यसैले माध्यम छनोट गर्दा एउटाभन्दा बढी माध्यमको संयोजन (मिश्रित रणनीति) प्रयोग गर्दा वकालत अझ प्रभावशाली र बहुस्तरीय बन्न सक्दछ । पहिलो सजिलो माध्यमहरू छनौट गरेर पनि उपलब्धि नभएपछि मात्रै धेरै प्रयत्न लाग्ने माध्यम छनौट गर्दै जानुपर्दछ ।

वकालतका प्रमुख माध्यमहरू (सजिलोदेखि अफ्ठ्यारोको क्रममा)

| माध्यम | विवरण | प्रयोग गर्न उपयुक्त सन्दर्भ |
|---|---|---|
| **१. गुनासो संयन्त्रको प्रयोग** | शिक्षा क्षेत्रमा प्रणालीगत कमजोरी उजागर गर्ने औपचारिक तरिका | पालिकाको नागरिक गुनासो प्रणाली वा हेल्पलाइनको प्रयोग |
| **२. पत्राचार (Official Letters/ Memos)** | औपचारिक पत्र पठाएर समस्या र समाधानको उपाय प्रस्ट पार्ने | शिक्षा कार्यालय, नगरपालिकालगायत निकायहरूलाई जानकारी गराउँदा |
| **३. प्रत्यक्ष भेट** | प्रमाणसहित सम्बद्ध सरोकारवालासँग आमनेसामने भेटी विश्वास निर्माण, प्रभाव पार्ने वा समाधान खोज्ने उद्देश्यले गर्ने | विद्यालय नगरपालिकालगायत निकायहरूलाई समाधान माग गर्नु |
| **४. सामाजिक सञ्जाल (Social Media)** | व्यापक पहुँचमा वकालत सन्देश फैलाउने डिजिटल माध्यम | युवाहरूसँग जोडिन र सामाजिक दबाब सिर्जना गर्न |
| **५. जनमञ्च (Public Forum)** | समुदाय वा सरोकारवालासँग खुला छलफल | अभिभावक, शिक्षक र स्थानीय समुदायसँग सम्वाद गर्न |
| **६. प्रेस विज्ञप्ती/पत्रकार सम्मेलन** | वकालतको विषयमा सार्वजनिक चासो र दबाब सिर्जना गर्न विज्ञप्ती सार्वजनिक गर्ने | प्रमाणसहित तत्काल समस्या समाधान गर्न माग गर्नु |

| माध्यम | विवरण | प्रयोग गर्ने उपयुक्त सन्दर्भ |
|---|---|---|
| **७. मिडिया लेख/ अन्तर्वार्ता** | रेडियो, टिभी वा पत्रिकामा लेख र अन्तर्वार्तामार्फत वकालत | जनचेतना फैलाउने र सञ्चारमाध्यमबाट दबाब सिर्जना गर्न |
| **८. नीतिगत संवाद (Policy Dialogue)** | नीति निर्माणकर्तासँग प्रत्यक्ष छलफल गर्ने माध्यम | स्थानीय, प्रदेश वा सङ्घीय सरकारसँग सम्वाद |
| **९. शान्तिपूर्ण प्रदर्शन वा अभियान, धर्ना, अनसन** | दबाब दिने सार्वजनिक कार्यक्रमहरू | ठोस कार्यान्वयनको मागका लागि दबाब दिन |
| **१०. प्रतिवेदन र केस स्टडी** | तथ्याङ्क र उदाहरणसहित समस्याको विश्लेषण | निर्णयकर्तालाई प्रमाणसहित बुझाउन |
| **११. कानूनी उपचार** | वकालतको अन्तिम विकल्प कानूनी उपचारका लागि मुद्दा हाल्ने | न्यायिक निकायमा माग गर्ने (सकेसम्म यो उपायमा नजाने) |

**स्पष्ट उद्देश्य:** वकालतबाट के हासिल गर्न खोजिएको हो भन्ने कुरा माध्यम छनोटको प्रमुख आधार हो । वकालतका उद्देश्यका आधारमा विभिन्न माध्यम छनौट गर्न सकिन्छ जस्तै-

- जानकारी दिन: पम्प्लेट, रेडियो, विद्यालय सभा । उदाहरण- विद्यालयमा निःशुल्क किताब समयमै किन पुगेन भन्ने जानकारी रेडियोमार्फत दिनु
- ध्यानाकर्षण गराउन: सामाजिक सञ्जाल, पोस्टर, फोटो कथा । उदाहरण- भवन नभएको विद्यालयको फोटोसहित #शिक्षा मागौं अभियान चलाउनु
- निर्णयकर्तालाई असर पार्न: प्रतिवेदन, नीतिगत संवाद । उदाहरण- स्थानीय शिक्षा बजेटमा कटौती भएको विषयमा तथ्याङ्कसहित शिक्षा समितिसँग छलफल
- समाधानको माग गर्न: औपचारिक पत्र, गुनासो प्रणाली । उदाहरण- शिक्षक पद रिक्त भएकोबारे पालिकालाई औपचारिक पत्र लेख्ने
- दबाब दिनः धर्ना, अनसन, प्रदर्शन, घेराउ

**स्रोत र पहुँचको मूल्याङ्कन:** उपलब्ध समय, जनशक्ति, सीप वा डिजिटल पहुँच कस्तो छ भन्ने कुराले पनि माध्यमको छनोटमा असर गर्दछ । जस्तै-

- तपाईंको संस्थासँग सीमित जनशक्ति छ र ग्रामीण क्षेत्रमा काम गर्छ भने स्थानीय रेडियो वा सामुदायिक बैठक उपयुक्त हुन्छ ।
- तपाई सँग युवा स्वयंसेवकहरूको समूह छ भने- सामाजिक सञ्जाल वा भिडियो अभियान राम्रो माध्यम बन्न सक्छ ।
- तपाईंले स्थानीय शिक्षामा डाटा सङ्कलन गर्न सक्नुहुन्छ भने- तथ्यमा आधारित प्रतिवेदन तयार पारेर निर्णयकर्तालाई बुझाउनु प्रभावकारी हुन्छ ।

**सन्देशको प्रकृति:** सवाल र सन्दर्भअनुसार सन्देश कसलाई र सन्देशको प्रकृति कस्तो हुने भन्ने कुरामा ध्यान पुऱ्याउन आवश्यक छ । जस्तै-

- तथ्यमा आधारित: प्रतिवेदन, प्रेस विज्ञप्ति, इन्फोग्राफ । जस्तै- विद्यालय छोड्ने दर सम्बन्धी प्रतिवेदन तयार गरी पालिकासँग छलफल
- भावनात्मक/मानव केन्द्रित: भिडियो, फोटो कथा, केस स्टडी । जस्तै- एउटी किशोरी कसरी विद्यालय जानबाट वञ्चित भइन् भन्ने भिडियो कथा
- कला/संवेदनात्मक: नाटक, कविता, चित्रकला । जस्तै- बालश्रम विरुद्ध विद्यार्थीहरूले तयार पारेको सडक नाटक

**सन्दर्भअनुसार मिलाउने**: स्थानीय सन्दर्भको विश्लेषणका आधारमा

- ग्रामीण क्षेत्र, जहाँ डिजिटल पहुँच सीमित छ - घरदैलो, जनमञ्च, रेडियो
- शहरी क्षेत्र, जहाँ सामाजिक सञ्जाल सशक्त माध्यम बन्न सक्छ - फेसबुक, टिकटक, एक्स (ट्वीटर), इन्स्टाग्राम, इन्फोग्राफिक्स

**मिश्रित माध्यम प्रयोग गर्ने सिफारिस:** धेरैजसो अवस्थामा एउटै माध्यम पर्याप्त हुँदैन । त्यसैले जनवकालतलाई प्रभावकारी बनाउन मिश्रित माध्यम प्रयोग गर्नु उपयुक्त हुन्छ । उदाहरणका लागि शिक्षक अभावको मुद्दामा-

- पालिकालाई औपचारिक पत्र लेखियो
- स्थानीय रेडियोमा अन्तर्वार्ता दिइयो
- सामाजिक सञ्जालमा #शिक्षा मागौं भन्ने ह्यासट्याग प्रयोग गरेर पोस्ट गरिएको फोटो कथा साझा गरियो
- अभिभावकहरूसँग छलफल गरियो

समग्रमा उपयुक्त वकालतका माध्यमहरूको छनोटले शिक्षा वकालतको सफलतामा प्रत्यक्ष प्रभाव पार्दछ । प्रभावकारी वकालतका लागि लक्षित समूह, सन्देशको स्वरूप, उद्देश्य, स्रोतसाधन र स्थानीय सन्दर्भको आधारमा माध्यम छान्नुपर्दछ । यस्ता माध्यमहरूको छनोट गर्दा एकल माध्यममा सीमित नभई आवश्यकताअनुसार मिश्रित रणनीति अपनाउनुपर्दछ जसले सन्देशलाई विभिन्न तहका सरोकारवालासम्म प्रभावकारी रूपमा पुऱ्याउन सहयोग गर्दछ । तथ्यमा आधारित प्रतिवेदन, भावनात्मक कथा, स्थानीय फोरमहरू सामाजिक सञ्जाल वा औपचारिक पत्राचार सबै माध्यमहरू आ-आफ्नो स्थानमा उपयोगी हुन्छन् । अन्ततः, जनवकालतका माध्यमहरू जति स्पष्ट र रणनीतिक ढंगले छनोट गरिन्छन्, जनवकालतको प्रभावकारिता त्यति नै बलियो हुन्छ जसले शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने सम्भावना बढाउँछ ।

# १०

# स्रोत

जनवकालतका लागि आवश्यक स्रोत (पैसा, सामग्री, जनशक्ति) जुटाउनु जटिल र संवेदनशील प्रक्रिया हो । सवालको आकार निर्धारण गर्दा मानवीय संवेदना र समानुभूति जगाउने पक्षहरूको खोजी गर्नु पर्छ । जनवकालतको विषय प्रायः नीति परिवर्तन वा सामाजिक न्यायसँग जोडिएको हुने भएकाले यसका लागि सहयोग जुटाउँदा रणनीतिक सोच र विश्वास निर्माण गर्नु आवश्यक हुन्छ । आर्थिक सहयोग माग्दा  तथ्य मात्र होइन, भावनात्मक अपील पनि महत्त्वपूर्ण हुन्छ । मानिसहरूलाई प्रश्नसँग व्यक्तिगत वा भावनात्मक सम्बन्ध महसुस हुने गरी प्रस्तुत गर्नुपर्छ जस्तै- पीडितको कथा, विभेदको असर, भविष्यको सम्भावना । यस्तो "मानवीय  अपील" ले सहयोगकर्तालाई "यो मेरो पनि जिम्मेवारी हो" भन्ने भावना दिलाउँछ । जनवकालतका मुद्दा कुनै स्थानीय क्षेत्रमा उच्च प्राथमिकताको विकास वा सफलताको विषय हुनुका साथै यति सामान्य हुनुपर्छ कि यो धेरै स्थानमा लागू हुन सकोस् ।

**स्रोत जुटाउन अघि ध्यान दिनुपर्ने कुराहरू:**

१ आवश्यकताअनुसार प्राथमिकता: अभियानको उद्देश्य, कार्यक्षेत्र र समयावधि अनुसार कति मानिस र बजेट चाहिएको छ भन्ने निर्धारण गरी सीमित संसाधन (जस्तै प्राविधिक ज्ञानको अभाव, आर्थिक) लाई पहिले सम्बोधन गर्नुपर्छ ।

२ संसाधनको स्थायित्व: जसको सवाल हो (हकवाला) उसकै उपलब्ध स्रोतहरू जस्तै समुदायको श्रमदान, सामग्री, समयबाट सुरु गर्नुपर्छ । यदि हकवालाको स्रोत र क्षमता पर्याप्त छैन भने मात्र अन्य सरोकारवाला (गैसस, स्थानीय सरकार, दाताहरू, व्यवसायी ) बाट सहयोग माग्न सकिन्छ ।

३ पारदर्शिता र जवाफदेहिता: संसाधन जुटाउने र खर्च गर्ने प्रक्रिया खुला र पारदर्शी बनाउने र कम लागतमा अधिक प्रभाव हुने गरी योजना बनाउँदा अभियानकर्ता तथा दाताहरूमा विश्वसनीयता बढ्छ ।

४ जोखिम व्यवस्थापन: जनवकालतका लागि वित्तीय अनिश्चितताको विकल्प सधैँ तयार राख्नुपर्छ । सकेसम्म खर्च नहुने वा कम खर्च हुने माध्यम (स्वयंसेवक, सामाजिक सञ्जाल, सामुदायिक सहयोग) प्राथमिकता दिनुपर्छ ।

५ सांस्कृतिक र भौगोलिक अनुकूलता: स्थानीय संस्कृति, भाषा र स्रोतहरूसँग मेल खाने संसाधन चयन गरी ग्रामीण क्षेत्रमा (स्थानीय नेतृत्वलाई सशक्तिकरण) गर्ने रणनीति अपनाउँदा जनवकालत सबैले स्वीकार्ने र दिगो हुन जान्छ ।

## १०.१. स्रोतको पहिचान

### १०.१.१ आर्थिक स्रोत

**(क) भावनात्मक रूपमा जोडिने तरिका**

यस विधिमा आर्थिक स्रोत व्यक्तिगत दाताहरूका माध्यमबाट जम्मा गरिन्छ र धेरै व्यक्तिहरू मिलेर निर्णय लिन्छन् । यो प्रक्रिया परोपकार हितबाट सञ्चालित हुन्छ ।
ध्यान दिनुपर्ने कुरा-

**सङ्गठनको उद्देश्य वा अभियानमा विस्तृत जनअपील हुनुपर्छ ।**

सङ्गठनको उद्देश्य वा अभियान यस्तो हुनुपर्छ जसले धेरै र फरक-फरक पृष्ठभूमिका मानिसलाई महत्वपूर्ण, सान्दर्भिक र आफ्नै जीवनसँग जोडिएको महसुस गराउन सकोस्, जसका कारण धेरै मानिसहरू स्वेच्छाले समर्थन, सहभागिता वा योगदान गर्न इच्छुक बनून् ।

**लाभ प्रायः दाताको परिवार वा साथीको जीवनमा प्रत्यक्ष असर पुऱ्याउने खालको हुन्छ ।**

सङ्गठनले गर्ने कार्यक्रम वा अभियानबाट हुने फाइदा दाता स्वयं, उनका परिवार, साथी वा नजिकका समुदायले सोझै अनुभव गर्न मिल्ने, जीवनमा देखिने र महसुस गर्न सकिने किसिमको हुनुपर्छ ।

**गैरनाफामुखी संस्थाले दातासँग सम्बन्ध स्वयंसेवा वा अन्य माध्यमबाट बलियो बनाउँछ ।**

गैरनाफामुखी संस्थाले दातासँगको सम्बन्ध केवल आर्थिक सहयोगमा सीमित नराखी, स्वयंसेवा, सहभागिता, संवाद, कार्यक्रममा संलग्नता, तथा निरन्तर सम्पर्क जस्ता क्रियाकलाप मार्फत विश्वास, नजिकपन र दीर्घकालीन सहकार्यको सम्बन्ध विकास र सुदृढ गर्नु पर्दछ । जसले भावनात्मक रूपमा जोडिने मद्त पुर्याउछ ।

सहयोग जुटाउने तरिका:

- विशेष कार्यक्रमहरू आयोजना गर्ने
- प्रत्यक्ष पत्राचार
- कम्पनी वा व्यवसायको प्रायोजन

**(ख) स्थानीय - राष्ट्रिय जोड**

यो मिश्रित तरिका व्यक्तिगत र संस्थागत स्रोतबाट सञ्चालित हुन्छ र थोरै व्यक्तिहरूले निर्णय गर्छन् । यो प्रक्रिया पनि परोपकार हितबाट सञ्चालि हुन्छ ।

**ध्यान दिनुपर्ने कुरा-**

- मुद्दा कुनै स्थानीय क्षेत्रमा उच्च प्राथमिकताको विकास वा सफलताको विषय हुनुपर्छ । (जस्तै- उत्कृष्ट विद्यालय बनाउने)।
- मुद्दा यति सामान्य हुनुपर्छ कि यो धेरै स्थानमा रहेको समस्या होस् ।
- कुनै एक भौगोलिक क्षेत्रमा उपलब्ध सहयोगको मात्रा प्रायः सीमित हुन्छ ।

**सहयोग जुटाउने तरिका:**

- ठूला उपहार वा अनुदान
- विशेष कार्यक्रमहरू

## (ग) मानवीय अपील

यो दातालाई मुद्दा वा अभियानसँग भावनात्मक रूपमा जोड्ने दृष्टिकोण हो । कहिलेकाहीँ यसलाई भावनात्मक रूपमा जोडिने मोडेल वा अन्य मोडेलमा मिसाएर प्रयोग गरिन्छ जसले सहयोगकर्ताको मनमा "यो मेरो जिम्मेवारी हो" भन्ने भावना उत्पन्न गर्छ ।

## १०.१.२ मानवीय स्रोत

- स्वयंसेवक र समर्थकहरू: स्थानीय समुदाय, युवा समूह, विद्यार्थी, र सामाजिक सङ्गठनहरूको सहयोग लिन सकिन्छ ।
- विशेषज्ञहरू: विषयगत विज्ञ (जस्तै कानून, स्वास्थ्य, शिक्षा), अनुभवी अधिवक्ता र प्रशिक्षकहरूलाई संलग्न गर्ने ।
- नेतृत्वकर्ता: स्थानीय नेतृत्व, प्रभावशाली व्यक्तित्व (जस्तै पूर्व नीति निर्माता, मिडिया व्यक्तित्व) हरूको सहयोग लिने ।
- साझेदार संस्थाहरू: अन्य गैर-सरकारी संस्था, अन्तर्राष्ट्रिय सङ्गठनहरू, र नेटवर्कहरूसँग सहकार्य गर्ने।

# ११

# तालिम सञ्चालन

सामाजिक रुपान्तरणका लागि पछाडि पारिएका समूहहरूलाई विचार गर्न, त्यसअनुसारका काममा उत्प्रेरित गर्न सीप र ज्ञानका अतिरिक्त धारणा पनि स्पष्ट हुनु जरुरी हुन्छ । त्यसैले यस सन्दर्भमा तालिम भनेको अधिकार प्राप्तिका लागि आवश्यक धारणा, ज्ञान र सीप आत्मसात गर्ने प्रक्रिया हो । तालिममा तालिमेहरूले के कस्तो व्यवहार गरून्, कसरी सिकाउन् भन्ने चाहने हो, तालिम त्यस्तै हुनु आवश्यक हुन्छ, त्यो नै तालिमका अवसरमा गर्नु जरुरी हुन्छ ।

**आवश्यकता पहिचान**

कुन उद्देश्य प्राप्त गर्न तालिम गर्न खोजिएको हो भनेर उद्देश्य स्पष्ट हुनु आवश्यक हुन्छ । तालिम कसलाई दिन खोजिएको हो र कस्ता ज्ञान, सीप र धारणा आवश्यक पर्छ भन्ने कुरा उद्देश्य प्राप्तिमा तालिम दिन खोजिएको समूहको विद्यमान ज्ञान, सीप र धारणा बीचको फरक थाहा पाउनु महत्वपूर्ण हुन्छ । यसले तालिमको ढाँचा निर्धारण गर्न मद्दत पुग्छ ।

**ढाँचा**

तालिमको ढाँचा (डिजाइन) मा तालिमको उद्देश्य, अपेक्षित परिणाम, तालिमको विषयवस्तु, विधिप्रक्रिया, समयावधि निर्धारण जस्ता तालिम बन्दोबस्तीका पक्षहरू पर्छन् ।

**उद्देश्य निर्धारण**

तालिमको आवश्यकता पहिचानको आधारमा उद्देश्य निर्धारण गरिन्छ । उद्देश्यले आवश्यकता पहिचानमा अपुग ज्ञान, सीप र धारणासँग तालिमेहरूलाई परिचित र अभ्यस्त गराउने कुरा हो । तालिमपछि तालिमेहरूले के गर्न सक्षम हुनेछन्, के गर्नेछन्, के कुरामा स्पष्ट हुनेछन् भन्ने कुराको उल्लेख तालिम उद्देश्यमा गरिन्छ । सार्वजनिक शिक्षालाई जवाफदेही बनाउनुको उद्देश्य निमुखा, सीमान्तकरणमा परेका र कमजोर समुदायका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराई शिक्षाको माध्यमबाट गरीबी र पछौटेपनबाट माथि उक्लन समर्थ बनाउने, समतामूलक समाज सिर्जनामा सहयोग गर्ने, हकवालालाई अधिकारको दाबी गर्न सक्षम बनाउने, विपन्न र उत्पीडित वर्ग समुदायलाई सुसूचित गर्नुका साथै अधिकारको लागि सङ्गठित हुन मद्दत गर्ने तथा समाजममा आलोचनात्मक चेतनाको प्रवर्द्धन गर्ने हुन्छ ।

**विषयवस्तु**

तालिमको उद्देश्य प्राप्त गर्न तालिमको विषयवस्तु छनौट गर्नुपर्छ । के कस्तो जानकारी आवश्यक पर्छ भन्ने प्रश्नले विषयवस्तु बताउँछ । यो सामग्रीका सामाजिक विश्लेषण, सामाजिक संरचना, शिक्षाका धारणा विषयवस्तु हुन् ।

**दैनिक सत्र योजना**

विषयवस्तु निर्धारण गरेपछि ती विषयवस्तुलाई सरलबाट जटिल तर्फ बढ्ने गरी विषयवस्तुको क्रम मिलाउनु पर्छ । त्यो विषयवस्तु बुझाउन/सिकाउन कुन विधि उपयुक्त हुन्छ र कति समय लाग्छ भन्ने निश्चय गरी सत्र योजना गर्नुपर्छ । सत्रहरूको समयावधि लामो छोटोको क्रम, बीचबीचमा रमाइला खेल र सत्रहरू अगाडि बढ्दा सहभागीमा केही नयाँ कुरा सिकेको अनुभूति पनि हुनुपर्छ । लगातार पर्ने सत्रहरूका विधि उस्तै नहोस् भनेर पनि ध्यान दिनु आवश्यक हुन्छ ।

**तालिम स्थान (हल)**

तालिम हल शान्त वातावरण भएको बाहिरि व्यक्तिहरूको आवतजावत नहुने, सबै प्रकारका सहभागीहरुको पहुँचमा भएको, सहभागीहरूले सहज रुपमा सबैको अनुहार देख्न सक्ने गरी बस्न मिल्ने, सानो ठूलो समूहमा समूहकार्य गर्न मिल्ने, सहजकर्ताले सबैतिरबाट सहजीकरण गर्न मिल्ने र बस्ने आसन सजिलै सार्न मिल्ने हुनुपर्छ । यो सामग्री तयार गरी रहेको समयमा गरिएका कार्यशालाहरूको कार्यतालिका अनुसूची ३ मा दिइएको छ ।

# अनुसूचीहरू

**अनुसूची १**

मधेस बागमती र कर्णाली प्रदेशका शिक्षा सम्बन्धी सवालहरु
मधेस कलष्टर १ मधेस कलष्टर २ काठमाण्डौ कलष्टर र कर्णाली कलष्टरमा संचालीत शिक्षा वकालतको कार्यशालामा सहभागी नागरिक समाज संस्थाका प्रतिनिधीहरूले शिक्षा सम्बन्धी सवालको प्राथामिकिकरण विधिहरु मार्फत निम्न सवालहरु पहिचान गरेका थिए।

मधेस कलष्टर १ महोत्तरी र सिराहा का सवालहरु

१ विद्यालयमा अभिभावकको अपनत्व नहुनु
२ शिक्षकलाई पेशागत सहयोग नहुनु
३ निरन्तर मुल्याङ्कन नहुनु
४ विद्यालयमा समावेशी वातावरण नहुनु
५ संयुक्त अनुगमन नहुनु
६ बालमैत्री विद्यालय नहुनु
७ हुने खानेका छोराछोरी सामुदायिक विद्यालयमा नहुनु
मधेस कलष्टर २ बारा पर्सा र रौतहट का सवालहरु
१ शिक्षाको व्यापारीकरण
२ विद्यार्थीहरूको उच्च विद्यालय छोड्ने दर
३ समावेशी शिक्षाको कार्यान्वयन नहुनु
४ अनुत्तरदायी शिक्षक
५ विद्यालय व्यवस्थापन समिति/अभिभावक शिक्षक संघमा अभिभावकहरूको कम सहभागितास्थानीय ६ पालीकाको शिक्षा प्रति कम प्राथमिकता
७ राजनीतिक हस्तक्षेप

कर्णाली कलष्टर कर्णाली का सवालहरु
१. शिक्षक जवाफदेहिताको अभाव
२. प्राथमिक शिक्षाको लागि प्राथमिकताको अभाव
३. अभिभावकीय शिक्षाको अभाव
४. विद्यार्थी छोड्ने दर उच्च
५ अनुपयुक्त परीक्षा प्रणाली
६ शिक्षा राजनीतिक दलहरूको प्राथमिकतामा नपर्नु
७ अधिकारवाहकहरूले शिक्षाको आफ्नो अधिकारको दाबी नगरेको
८ शिक्षामा अपर्याप्त लगानी
९ शिक्षाको व्यापारीकरण
१० समय अनुसार नीतिहरू अद्यावधिक नभएको

काठमाण्डौ कलष्टरका सवालहरु
१ शिक्षा राजनीतिक एजेण्डाको प्राथमिकतामा नपर्नु
२ कमजोर शिक्षकको प्रदर्शन र पेशागत जवाफदेहिता
३ अभिभावकको अपनत्व र मागको अभाव
४ कमजोर आधारभूत शिक्षा
५ प्राथमिक शिक्षा पहिलो भाषामा नहुनु
६ विद्यालयमा अपाङ्गतामैत्री पूर्वाधार नहुनु
७ शिक्षामा दलीयकरण
८ सिकाई भन्दा संरचनामा लगानी
९ शिक्षकको क्षमतावृद्धिमा लगानी नहुनु

EDUCATIONOUTLOUD
advocacy & social accountability

GPE Transforming Education